"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"

बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन २०८२

चौकुने गाँउपालिका

स्थानीय बाल अधिकार समिति

सुर्खेत

कर्णाली प्रदेश, नेपाल

"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"

बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन २०८२

चौकुने गाउँपालिका
स्थानीय बाल अधिकार समिति

सुर्खेत
कर्णाली प्रदेश, नेपाल

संरक्षकः

गाउँपालिका अध्यक्षः श्री खड्क वि.क. (बिवश)

गाउँपालिका उपाध्यक्षः श्री नर बहादुर बान्तोला

सल्लाहकारः

प्रमुख प्रशासकीय अधिकृत : श्री पूर्ण बहादुर वि.क.

श्री केशव चालिसे, युनिसेफ नेपाल

लेखन तथा सम्पादनः

श्री डम्बर बहादुर रोकाय

श्री मनिषा कुमारी कडेल

प्रकाशन प्रति : १००

प्रकाशन मिति : १५ पुस, २०८२

आर्थिक तथा प्राविधिक सहयोग :

प्रकाशक :

चौकुने गाँउपालिका

स्थानीय बाल अधिकार समिति

सुर्खेत

कर्णाली प्रदेश, नेपाल

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

शुभकामना

बालबालिका भविष्यका कर्णधार मात्र होइनन्, वर्तमानका महत्वपूर्ण साझेदार पनि हुन् भन्ने मान्यताका साथ चौकुने गाउँपालिकाले बालबालिकाको हक, अधिकार र हित सुनिश्चित गर्न निरन्तर क्रियाशीलताका साथ कार्य गरिरहेको छ। बालबालिकाले जन्मजात रूपमा पाउनुपर्ने अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्नु राज्यको प्रमुख दायित्व हो। यही सन्दर्भमा चौकुने गाउँपालिकाले बालबालिकाको विषयलाई उच्च प्राथमिकतामा राखी संवेदनशील र जिम्मेवार ढङ्गले कार्य गर्दै आएको छ। बाल अधिकार संरक्षणलाई संस्थागत र प्रभावकारी बनाउन गाउँपालिकाले महत्वपूर्ण नीति तथा कार्यविधि जारी गरी कार्यान्वयनमा जोड दिएको छ। **"बालबालिकाको हक, अधिकार, संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८"** जारी गर्नु बाल अधिकार प्रवर्द्धनतर्फको सकारात्मक कदम हो।

यद्यपि बाल संरक्षणका क्षेत्रमा बालविवाह, विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, लागू औषध दुर्व्यसनी, बाल दुर्व्यवहार, कुपोषण, बाल यौनजन्य हिंसा तथा विद्यालय छाड्ने जस्ता चुनौतीहरू अझै विद्यमान छन्। यी समस्याहरूको न्यूनीकरणका लागि स्थानीय बाल अधिकार समितिले सक्रिय रूपमा बाल संरक्षण तथा प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

यसै सन्दर्भमा चौकुने गाउँपालिका भित्रका बालबालिकाको अवस्था झल्कने गरी स्थिति प्रतिवेदन प्रकाशन गर्न लागिएको छ, जसले बालबालिका केन्द्रित प्रभावकारी योजना तथा कार्यक्रम सञ्चालनमा महत्वपूर्ण आधार प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु। यस कार्यमा निरन्तर खटिनु हुने बालकल्याण अधिकारी श्री मनिषा कडेल, संलग्न कर्मचारी, यो प्रतिवेदन लेखन तथा सम्पादनमा सहयोग गर्ने कर्मचारी एवम् सशक्त महिला, समृद्ध नेपाल कार्यक्रमप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

खड्क बि क (विवश)
अध्यक्ष

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

शुभकामना

बाल अधिकारको विषयलाई व्यवहारिक तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न बालबालिकाको वास्तविक अवस्था झल्कने गरी चौकुने गाउँपालिकाले बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गरेकोमा अत्यन्तै खुसी लागेको छ। यस प्रतिवेदनले चौकुने गाउँपालिका भित्रका बालबालिकाको समग्र अवस्थालाई यथार्थ परक रूपमा प्रस्तुत गर्दै आगामी दिनहरूमा बालअधिकार प्रवर्द्धनका कार्यहरूलाई थप गति प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु। समाज परिवर्तन गर्न बालबालिकामा लगानी आवश्यक छ भन्ने मान्यताका साथ चौकुने गाउँपालिकाले बालबालिकाको हक, अधिकार र संरक्षणलाई उच्च प्राथमिकतामा राखी विभिन्न नीति, कार्यक्रम तथा तिनको व्यवहारिक कार्यान्वयनमा निरन्तर जोड दिँदै आएको छ।

बालबालिकाको क्षेत्रमा काम गर्न सहज वातावरण सिर्जना गर्ने उद्देश्यले स्थिति प्रतिवेदन प्रकाशन गर्ने यस महत्वपूर्ण कार्यमा खटिनु हुने स्थानीय बाल अधिकार समितिका सदस्य सचिव एवं बालकल्याण अधिकारी श्री मनिषा कडेल लगायत संलग्न सम्पूर्ण कर्मचारीहरू, साथै विभिन्न चरणमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। यो स्थिति प्रतिवेदनले चौकुने गाउँपालिकामा बाल अधिकार प्रवर्द्धनका प्रयासहरूमा थप इँटा थप्नेछ भन्ने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु।

नरबहादुर बान्तोला
उपाध्यक्ष, चौकुने गाउँपालिक
एवम् संयोजक, स्थानीय बाल अधिकार समिति

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

शुभकामना

बाल अधिकार संरक्षण र प्रवर्द्धनको सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०७५ ले संघ, प्रदेश र स्थानीय तहका संरचनाहरूको स्पष्ट व्यवस्था गरेको छ। यस ऐनअनुसार संघीय तहमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश तहमा प्रदेश बाल अधिकार समिति तथा स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको गठन र भूमिकाबारे नीतिगत स्पष्टता गरिएको छ। चौकुने गाउँपालिकाले बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिका सम्बन्धी नियमावली, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

बालबालिकाले जन्मजात रूपमा पाउनुपर्ने हक र अधिकारको संरक्षण गर्नु राज्यका तीनै तहका सरकारहरूको दायित्व भएको सन्दर्भमा चौकुने गाउँपालिकाले बालबालिकाको विषयलाई संवेदनशील रूपमा लिँदै निर्माण भएका कानुनहरूको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिएको छ। यसै क्रममा **"बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८"** जारी गरी गाउँपालिकालाई बाल अधिकार प्रवर्द्धनतर्फ उन्मुख गराउने सकारात्मक पहल गरिएको छ। साथै बाल संरक्षणका सवालमा बालबालिकामा दीर्घकालीन प्रभाव पार्ने योजनाहरू निर्माण गरी कार्यान्वयनमा जोड दिइएको छ। यसै अनुरूप चौकुने गाउँपालिकाभित्रका बालबालिकाको अवस्था प्रतिबिम्बित हुने गरी स्थिति प्रतिवेदन प्रकाशन गर्न लागिएको छ, जसले गाउँपालिकामा बालबालिका मै केन्द्रित भई प्रभावकारी कार्यक्रम सञ्चालन गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु। यस कार्यमा अहोरात्र खटिनु हुने चौकुने गाउँपालिकाका बालकल्याण अधिकारी लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु। यो प्रयासले बालबालिकाको हकहित संरक्षण र प्रवर्द्धनमा थप गति ल्याओस् भन्ने शुभेच्छासहित हार्दिक धन्यवाद।

पूर्ण बहादुर बि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्राक्कथन

बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारका संयन्त्रहरू सक्रिय रहेका छन् र नीतिगत तथा कानुनी व्यवस्था स्पष्ट गरिएको छ। यसै सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०७५ र यसको नियमावलीले तीनै तहको सरकारबीच सहकार्य, समन्वय र सहजीकरणको भूमिकालाई स्पष्ट पारेको छ। साथै बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९१ को उपनियम (३) अनुसार स्थानीय बाल अधिकार समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र बालबालिका तथा बाल अधिकारको अवस्था समेटेर स्थानीय तहले प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको स्वीकृति लिएर सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ।

यस कानुनी प्रावधानलाई व्यवहारमा उतार्न चौकुने गाउँपालिकाले बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७८ जारी गरी कार्यान्वयनमा रहेको छ। यसबाट गाउँपालिका भित्र बालबालिकाको वास्तविक अवस्था पहिचान गरी समस्या समाधानतर्फ अग्रसर हुने प्रयास गरिएको छ। चौकुने गाउँपालिकाले २०८२ सालदेखि कार्यविधिमा आधारित भई बालबालिकाको हक, अधिकार संरक्षण र प्रवर्द्धनमा केन्द्रित गतिविधिहरू सञ्चालन गर्दै आएको छ, जसको प्रतिबिम्ब यस प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ। यो प्रतिवेदन पहिलो पटक प्रकाशन हुन लागेकोले आर्थिक वर्ष २०८१/०८२ सम्मका प्रमुख गतिविधिहरू समावेश गरिएको छ। प्रतिवेदनमा बालबालिका सम्बन्धी कानुन, नीति तथा कार्यविधि, बाल अधिकारका संयन्त्रहरूको अवस्था, बालबालिकामा गरिएको लगानी, बाल केन्द्रित कार्यक्रम, बाल अधिकार संरक्षणका प्रमुख मुद्दा, बाल शिक्षामा पहुँच र बाल सहभागिताको अवस्था उल्लेख गरिएको छ।

बालबालिकाको वास्तविक अवस्था झल्काउने गरी टेबल, ग्राफ तथा अनुसूची मार्फत विश्लेषण गरिएको छ। यसले चौकुने गाउँपालिका, विकास साझेदार र सरोकारवालाहरूलाई उपयोगी र जानकारीमूलक हुने विश्वास लिएको छु। बाल अधिकार सबैको साझा सरोकार बने मात्र समाज दीर्घकालीन विकास गर्न सक्ने मान्यताका साथ यो प्रतिवेदन प्रकाशनमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद व्यक्त गर्दछु।

मनिषा कुमारी कंडेल
बालकल्याण अधिकारी

विषय-सूची

प्रतिवेदनको सारसंक्षेप १

परिच्छेद–१

स्थानीय तहको परिचय ३

१.१. गाउँपालिकाको परिचय ३

१.२. गाउँपालिकाको भौगोलिक अवस्था ३

१.३. हावापानी र भू–उपयोग ३

१.४. ऐतीहासिक पृष्ठभूमि तथा विशेषता ३

१.५. गाउँपालिकाको आर्थिक अवस्था ३

१.६. गाउँपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था ४

१.७. विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू ४

१.८. जम्मा जनसंख्या ४

१.९. बालबालिकाको जनसंख्या ४

१.१०. चौकुने गाउँपालिकाको बालबालिकाको प्रक्षेपित जनसंख्या ५

परिच्छेद–२

बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

२.१ परिचय ६

२.२. बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिविधताहरु ६

२.३. बालबालिका सम्बन्धी प्रत्यक्ष सरोकार राख्नेस राष्ट्रिय कानून तथा नीतिहरु ६

२.४. प्रादेशिक कानूनी र नीतिगत व्यवस्था ८

२.५. स्थानीय तहको कानुनी र नीतिगत व्यवस्था ८

२.६. विद्यालय तहमा बाल संरक्षण मापदण्ड ९

२.७. चौकुने गाउँपालिकाको बाल संरक्षण संयन्त्रको अवस्था १०

परिच्छेद–३

बालबालिकाको बाँच्न पाउने अधिकार

३.१. परिचय १३

३.२. खोप १३

३.३. संस्थागत प्रसुतिको अवस्था १४

३.४. पूर्णखोप घोषणा १४

३.५. बाल मृत्युदर १४

३.६. बाल पोषणको अवस्था १४

३.७. मातृ मृत्युदरको अवस्था १५

३.८. मानसिक स्वास्थ्य र आत्महत्याको अवस्था १५

३.९. संक्रामक तथा नसर्ने रोग र बालबालिका १६

परिच्छेद–४

बालबालिकाको संरक्षणको अधिकार

४.१. परिचय १८
४.२. बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार १८
४.३. अपाङ्गता भएका बालबालिका १९
४.४. बाल शोषणको अवस्था २०
४.५. लागू पदार्थ दुर्व्यशनी तथा ओसारपसार २१
४.६. बाल श्रमको अवस्था २१
४.७. बालबालिकाको बेचबिखन तथा ओसारपसार २३
४.८. बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार २३
४.९. बालबालिका विरुद्धको अनलाइन हिंसा २३
४.१०. यौन हिंसा र दुर्व्यवहार २४
४.११. बालविवाह २४
४.१२. घरमा हुने प्रसुतिको अवस्था २४
४.१३. कानूनी विवादमा परेका बालबालिका २५
४.१४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा वैकल्पिक स्याहार २५
४.१५. अनाथ बालबालिका २५
४.१६. बालबालिकाको बसाइको अवस्था २६
४.१७. घरमुली बालबालिका २७
४.१८. पारिवारिक सहायता र सामाजिक सुरक्षा २७
४.१९. बालपोषण भत्ताबाट लाभान्वित बालबालिका २८
४.२०. सामाजिक सुरक्षा योजना: बालिका बिशेष सहयोग कार्यक्रम २९

परिच्छेद–५

बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकार

५.१. पचिचय ३०
५.२. प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका ३०
५.३. विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादर ३३
५.४. विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिका ३६
५.५. सामुदायिक अध्ययन केन्द्र ३६

परिच्छेद–६

बालबालिकाको सहभागिता, सङ्गठन तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार

६.१.परिचय ३७
६.२. स्थानीय तहको योजना तर्जुमामा बाल सहभागिता ३७
६.३. बालक्लव र बालक्लव सञ्जाल ३७
६.४. बालमैत्री स्थानीय शासन ३९
६.५. खेलकुद र बालबालिका ३९

परिच्छेद–७

विविध

७.१. बाल संरक्षणका लागि जोखिमता मूल्याङ्कन ४०
७.२. बाल संरक्षण घटना व्यवस्थान सूचना प्रणालीको प्रयोग ४१
७.३. शसक्त महिलाः समृद्ध नेपाल (EWPN) कार्यक्रम र बाल संरक्षण ४१

परिच्छेद–८

निष्कर्ष

८.१. मुख्य उपलब्धी ४३
८.२. समस्या र चुनौति ४४
८.३. आगामी योजना ४४
अनुसूचीहरु ४६

प्रतिवेदनको सारसंक्षेप

१. राष्ट्रिय जनगणना २०६८ अनुसार चौकुने गाउँपालिकाको जनसंख्या २५,२४० (पुरुष १२,२१४, महिला १३,०२६) रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार जनसंख्या २६,९५० (पुरुष १३,२३६, महिला १३,७१४) र लैङ्गिक अनुपात ९६.५१ प्रतिशत रहेको छ।

२. २०७८ को जनगणना अनुसार १८ वर्षमुनिका बालबालिका ८,२३८ (बालक ४,०१२, बालिका ४,२२६) रहेका छन्।

३. २०७८ मा कुल बालबालिका ११,१८६ (४१.५%) थिएन्न २०८२ मा घटेर ९,५३२ (३८.२%) हुने प्रक्षेपण गरिएको छ।

४. पूर्ण खोप पाउने प्रतिशत ०८१/०८२ मा बढेर ८७.३२% पुगेको छ।

५. आ.व. ०७९/८० मा नवजात मृत्युदर ०.१७%, शिशु र बाल मृत्युदर शून्य देखिन्छ।

६. आ.व. ०८२/०८३ मा नवजात, शिशु तथा बाल मृत्युदर शून्य रहेको छ।

७. तीन वर्षमा कम तौलको संख्या ९८.३% ले वृद्धि भएको छ।

८. ९८६ बालबालिकाले पोषण भत्ता प्राप्त (बालक ५२१, बालिका ४६५) छन्।

९. आत्महत्याबाट आ.व. ०७९/८० मा ५, ०८०/०८१ मा १६ र ०८१/०८२ मा १५ बालबालिका प्रभावित भएका छन्।

१०. यस गाँउपालिकामा HIV/AIDS, क्यान्सर, अन्य नसर्ने रोग र मलेरियाबाट प्रभावित बालबालिका छैनन्।

११. पखालाबाट प्रभावित बालबालिका: ०७९/८० मा ४४२, ०८०/०८१ मा ४१०, ०८१/०८२ मा ४६० रहेका छन्।

१२. संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (सेप्टेम्बर १४, १९९०) बिनाशर्त अनुमोदन गरी नेपालमा बाल अधिकार सुनिश्चिताका लागि प्रतिबद्धता जनाएको छ।

१३. आ.व. ०७९/०८० मा ८०१ बालबालिका थिए भने ०८०/०८१ मा बढेर १,०६७ पुगेको छ, जसले करिब ३३.२% वृद्धि देखाउँछ।

१४. आ.व. ०८१/०८२ मा संख्या घटेर ९८५ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ७.७% कमी हो।

१५. समग्रमा ०७९/०८० देखि ०८०/०८१ सम्म वृद्धि र ०८०/०८१ देखि ०८१/०८२ सम्म घट्दो प्रवृत्ति देखिन्छ।

१६. राष्ट्रिय जनगणना २०७८ अनुसार शारीरिक अपाङ्गता सबैभन्दा बढी (५८ जना) देखिएको छ।

१७. बहुअपाङ्गता, बोलाइ, दृष्टि, श्रवण तथा मानसिक/मनोसामाजिक अपाङ्गता पनि उल्लेख्य छन्।

१८. कुल बालबालिकामध्ये करिब १.६३% अपाङ्गता भएका छन्, जसका लागि लक्षित कार्यक्रम आवश्यक देखिन्छ।

१९. पालिकामा २,८५८ बालबालिका कुनै न कुनै काममा संलग्न छन्।

२०. समग्रमा १०,२२२ जना बालबालिका काममा संलग्न छन्, जसमा बालिका (६,३६१) बालकभन्दा (३,८६१) बढी छन्, विशेष गरी १५–२० वर्ष उमेर समूहमा।

२१. १३–१७ वर्ष उमेर समूहमा बालश्रमको दर उच्च देखिएकाले शिक्षा, स्वास्थ्य र संरक्षणमा लक्षित लगानी वृद्धि र कार्य गर्न आवश्यक छ।

२२. १० वर्षभन्दा मुनिका २४ जना बालबालिका समेत काममा संलग्न हुनु चिन्ताजनक अवस्था हो। १०–१९ वर्ष उमेर समूहमा कुल १०१ जना बालबालिका रहेका छन्, जहाँ बालकको संख्या बालिकाभन्दा बढी छ।

२३. गाउँपालिकामा बालविवाहको दर ३७.९३ प्रतिशत रहेको देखिन्छ।

२४. कुल ८७५ बालबालिकामध्ये ८०३ जना बालपोषण भत्ताबाट लाभान्वित छन्, अनाथ बालबालिकाको विवरण अस्पष्ट छ।

२५. वडागत रूपमा वडा नं. २, ८ र १० मा बालबालिकाको संख्या बढी भएकाले ती वडामा प्राथमिक कार्यक्रम आवश्यक छ।

२६. १० वटै वडामा ५६ बालिकाहरू विशेष कार्यक्रमबाट लाभान्वित भएका छन्, कुल बजेट रु १६,८०,००० रहेको छ।

२७. बालगृहमा रहेका बालबालिकालाई समेत समेटेर कार्यक्रम सञ्चालन गरिएको सकारात्मक पक्ष देखिन्छ।

२८. शैक्षिक सत्र २०८०–२०८२ बीच दलित बालबालिकाको संख्या २०८१ मा बढे पनि २०८२ मा घटेको देखिन्छ। जनजाती बालबालिकाको संख्या निरन्तर घट्दो क्रममा छ भने अपाङ्गता भएका बालबालिकाको संख्या प्रत्येक सत्रमा घट्दै गएको देखिन्छ।

२९. बाल विकास केन्द्र देखि कक्षा ५ सम्म छात्रा र छात्र संख्या लगभग बराबर रहेकाले आधारभूत तहमा लैङ्गिक सन्तुलन र समान पहुँच कायम रहेको देखिन्छ।

३०. कक्षा ६–८ मा छात्राको सहभागिता छात्रभन्दा केही बढी (करिब ५२%) देखिनु सकारात्मक हो र यस तहमा लैङ्गिक सन्तुलन राम्रो रहेको छ।

३१. आधारभूत र माध्यमिक दुवै तहमा बालिकाको संख्या बालकभन्दा बढी देखिन्छ, समग्र बालक/बालिका अनुपात ०.९५ हुनु विद्यालय तहमा लैङ्गिक सन्तुलन सन्तोषजनक रहेको देखिन्छ।

३२. चौकुनेका सबै वडामा बाल क्लब गठन भई सक्रिय रहेका छन्, जहाँ बालक–बालिकाको सहभागिता करिब सन्तुलित देखिन्छ।

३३. वडास्तरीय किशोरी सञ्चावलमा उल्लेख्य सहभागिता रहेको छ, जसले किशोरीहरूको नेतृत्व विकास, सशक्तीकरण र संगठित सहभागितामा सकारात्मक भूमिका खेलेको देखिन्छ।

परिच्छेद–१
स्थानीय तहको परिचय

१.१. गाउँपालिकाको परिचय

चौकुने गाउँपालिका सुर्खेत जिल्लाको पश्चिमी भागमा अवस्थित एक स्थानीय तह हो । साविकका लगाम, बेतान, बिजौरा, गुटु र घाटगाउँ गरी पाँचवटा गाउँ विकास समिति मिलेर चौकुने गाउँपालिका गठन गरिएको हो। संघीय संरचनाअनुसार यस गाउँपालिकालाई १० वटा वडामा विभाजन गरिएको छ । गाउँपालिकाको केन्द्र साविक गुटु गाउँ विकास समितिको वडा नं. ६ मा अवस्थित छ।

१.२. गाउँपालिकाको भौगोलिक अवस्था

चौकुने गाउँपालिका सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा पर्दछ। यसको पूर्वमा पञ्चपुरी नगरपालिका, पश्चिममा डोटी जिल्ला, उत्तरमा अछाम जिल्ला र दक्षिणमा कैलाली जिल्ला पर्दछन् ।

यस गाउँपालिकाको अक्षांश २८°४४'२५" उत्तरदेखि २८°५८'४१" उत्तरसम्म तथा देशान्तर ८०°५८'५७" पूर्वदेखि ८१°२१'१५" पूर्वसम्म फैलिएको छ। गाउँपालिकाको कुल क्षेत्रफल करिब ३८१.०३ वर्ग किलोमिटर रहेको छ।

१.३. हावापानी र भू–उपयोग

चौकुने गाउँपालिका उत्तरतर्फ महाभारत पर्वत श्रृङ्खला र दक्षिणतर्फ चुरे पर्वत श्रृङ्खलासँग जोडिएको छ। उत्तरदेखि दक्षिणतर्फ भिरालो भू–बनावट रहेको यस गाउँपालिकामा लेकाली, पहाडी तथा खोँच र समथर भू–भागको मिश्रित स्वरूप पाइन्छ।

यहाँको माटो बलौटे, चिम्ट्याइलो, रातो र खैरो प्रकारको रहेको छ। उत्तरी भाग कृषि कार्यका लागि तुलनात्मक रूपमा कम उपयुक्त भए पनि मध्य तथा पहाडी भागमा उर्वर माटो पाइन्छ। भू–उपयोगको अवस्थाअनुसार कृषि क्षेत्र, वन तथा चरन क्षेत्र, आवासीय क्षेत्र, नदी–नाला, ताल–तलैया, सिमसार, औद्योगिक क्षेत्र तथा सडकले समेटेको भूभाग रहेका छन् ।

१.४. ऐतीहासिक पृष्ठभूमि तथा विशेषता

साविक गुटुगाउँ विकास समितिको वडा नं. ६ मा रहेको चौकुने पहाडको बीचमा चारकुना मिलेर बनेको भू–आकृतिका कारण यस क्षेत्रको नाम "चौकुने" रहन गएको हो । हाल उक्त क्षेत्र चौकुने सिमेन्ट उद्योगका कारण समेत परिचित छ।

चौकुने गाउँपालिकामा विभिन्न जातजातिको मिश्रित बसोबास रहेको छ। बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, राजी लगायतका समुदाय यहाँका प्रमुख जातीय समूह हुन्। नेपाली भाषा यहाँको प्रमुख मातृभाषा हो। स्थानीय रूपमा घाँसे मेला, मञ्च मी मेला, च्यूरेली मेला, बेनी मेला, शिव मेला, मालिका मेला, लाखे जात्रा, गाई जात्रा, पुतली विवाहा आदि चाडपर्व तथा जात्राहरू मनाइन्छन् ।

१.५. गाउँपालिकाको आर्थिक अवस्था

चौकुने गाउँपालिकाको आर्थिक अवस्था मुख्यतः कृषि, पशुपालन, वन स्रोत, श्रम र वैदेशिक रोजगारीमा आधारित छ। भौगोलिक कठिनाइ र भिरालो जमिनका कारण परम्परागत कृषि व्यवसाय सीमित रहेको देखिन्छ। उद्योग तथा पर्यटन क्षेत्र विस्तारको प्रारम्भिक अवस्थामा रहेको छ।

१.६. गाउँपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

यहाँका बासिन्दाहरूको प्रमुख पेशा कृषि र पशुपालन हो । तर जमिनको उर्वरता कम र कृषि उत्पादन सिमित भएकाले ठूलो संख्यामा स्थानीय बासिन्दाहरू ज्यालादारी काम तथा रोजगारीका लागि भारत लगायत अन्य स्थानतर्फ जाने गरेको पाइन्छ। पछिल्लो समय पर्यटन, च्याफ्टिङ, साना व्यवसाय तथा औद्योगिक क्रियाकलापमा समेत संलग्नता बढ्दो क्रममा छ।

१.७. विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू

यस गाउँपालिकामा कृषि आधुनिकीकरण, पशुपालन, पर्यटन, च्याफ्टिङ, सिमेन्ट उद्योग तथा जलस्रोत विकासका उच्च सम्भावना रहेका छन् । तर दुर्गम भू–बनावट, सीमित पूर्वाधार, रोजगारीको अभाव, गरिबी, वैदेशिक पलायन र प्राकृतिक जोखिमहरू विकासका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

१.८. जम्मा जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार चौकुने गाउँपालिकाको कुल जनसंख्या २५,२४० रहेको छ, जसमध्ये १२,२१४ जना पुरुष र १३,०२६ जना महिला रहेका छन् ।

त्यसैगरी, राष्ट्रिय जनगणना २०७८ अनुसार चाकुने गाउँपालिकाको कुल जनसंख्या २६९५० मध्ये पुरूष १३२३६ र महिला १३७१४ रहेको छ भने महिला–पुरुषको लैङ्गिक अनुपात ९६.५१ रहेको देखिन्छ।

१.९. बालबालिकाको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १८ वर्ष मुनिका बालबालिकाको कुल संख्या ९८,६९,५८३ रहेको छ। सोही जनगणनाअनुसार चौकुने गाउँपालिकामा १८ वर्ष मुनिका बालबालिकाको संख्या ८,२३८ रहेको छ, जसमध्ये ४,०१२ जना बालक र ४,२२६ जना बालिका रहेका छन् ।

कुल जनसंख्याको उल्लेखनीय हिस्सा बालबालिकाले ओगटेको हुँदा शिक्षा, स्वास्थ्य, पोषण तथा बाल संरक्षण सम्बन्धी कार्यक्रमहरू चौकुने गाउँपालिकाका प्रमुख प्राथमिकता क्षेत्रका रूपमा रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार उमेर समूहका आधारमा चौकुने गाउँपालिकाको बालबालिकाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

चित्रः १ उमेर अनुसार बालबालिकाको जनसंख्या



स्रोतः राष्ट्रिय जनगणना
स्रोतः राष्ट्रिय जनगणना, २०७८

चौकुने गाँउपालिकामा ०–५ वर्ष उमेर समूहमा बालक १,८४० बालिका१,७०८ बालक बलिका भन्दा केही बढी छन्। ६–१० वर्ष उमेर समूहमा बालक १,५६८ र बालिका १,५४० संख्या बराबर छ। ११–१५ वर्ष उमेर समूहमा बालिका १,७०७ बालक १,७०० भन्दा अलिकति बढी छन्। १६–१८ वर्ष उमेर समूहमा भने दुवै लिङ्गको संख्या घटेर बालक ५८७ र बालिका ५३६ रहेको छ।

१.१०. चौकुने गाउँपालिकाको बालबालिकाको प्रक्षेपित जनसंख्या

चौकुने गाउँपालिकामा बालबालिकाको संख्या घट्दो दरमा रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकामा जम्मा ११,१८६ जना बालबालिका रहेका थिए भने प्रक्षेपित जनसंख्या अनुसार २०८२ सन् २०८२ मा यो संख्या घटेर ९,५३२ जनामा सिमित भएको देखिन्छ। चौकुने गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ तथा प्रक्षेपित जनसंख्या २०८२ को उमेर समूह अनुसारको बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १ राष्ट्रिय जनगणना २०७८ र प्रक्षेपित जनसंख्या २०८२ तुलनात्मक अवस्था

उमेर समूह	राष्ट्रिय जनगणना २०७८			प्रक्षेपित जनसंख्या २०८२		
	बालक	बालिका	जम्मा	बालक	बालिका	जम्मा
०देखि ५ वर्षसम्म	१८४०	१७०८	३५४८	१,६२३	१,४१७	३,०४०
६देखि १० वर्षसम्म	१५६८	१५४०	३१०८	१,३७९	१,२७४	२,६५३
११देखि १५ वर्षसम्म	१७००	१७०७	३४०७	१,३४७	१,४०५	२,७५२
१६देखि १८ वर्षसम्म	५८७	५३६	११२३	४९८	५८९	१,०८७
जम्मा बालबालिकाको जनसंख्या	५६९५	५४९१	१११८६	४८४७	४६८५	९५३२
पालिकाको कूल जनसंख्या	१३२३६	१३७१४	२६९५०	१२११६	१२८३५	२४९५१
कूल जनसंख्यामध्ये बालबालिकाको प्रतिशत			४१.५०%			३८.२०%

स्रोतः राष्ट्रिय जनगणना, २०७८ & Population Projection / National Population and and Housing Census २०२१ Results

चौकुने गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल ११,१८६ बालबालिका रहेका थिए, जुन कूल जनसंख्याको ४१.५% हो। प्रक्षेपित २०८२ अनुसार यो संख्या घटेर ९,५३२ पुग्ने अनुमान गरिएको छ (३८.२%)। ०–५ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या न्यून देखिन्छ, १६–१८ वर्ष समूहका बालबालिकाको जनसँख्यामा खासै परिवर्तन देखिदैन। बालकको संख्या बालिकाभन्दा अलि बढी छ। जन्मदरमा कमी र जनसंख्या संरचनामा परिवर्तनका कारण समग्रमा बालबालिकाको अनुपात क्रमिक रूपमा घट्दै देखिन्छ।

परिच्छेद–२
बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

२.१. परिचय

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (९सेप्टेम्बर १४, १९९०) बिनाशर्त अनुमोदन गरी नेपालमा बाल अधिकार सुनिश्चितका लागि प्रतिवद्धता जनाएको छ। यसै अनुरुप नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रुपमा अंगिकार गरेको छ। नेपालको संवैधानिक व्यवस्था कार्यान्वयनका लागि बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपुर्ति एवं पालनाका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु कार्यान्वयनमा रहेका छन्।

२.२. बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिविधताहरु

मानब अधिकार सम्बन्धी ९ मुख्य महासन्धिहरुमध्ये नेपाल ७ वटा महासन्धिहरुको पक्ष राष्ट्र हो। सो मध्ये बाल अधिकार सम्बन्धी मुख्य महासन्धि संयुक्त राष्ट्र सघीय बाल अधिकार महासन्धि १९८९ हो। यसैगरी २ वटा ऐच्छिक प्रलेखहरु सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २००० र बालबालिकाको बेचविखन, यौन शोषण तथा अश्लील चित्रणसम्बन्धी इच्छाधिन आलेख, २००० लाई अनुमोदन गरेको छ। यसका अतिरिक्त महिला र बालबालिकाको बेचविखन नियन्त्रण गर्ने सम्बन्धी प्रलेख २००० (पार्लेमो प्रोटोकल) लाई समेत अनुमोदन गरेको छ। आइएलओ अन्तर्राष्ट्रिय श्रम संगठनको श्रममा प्रवेश गर्ने सम्बन्धी न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८ र निकृष्ट बालश्रम उन्मुलन गर्ने महासन्धि १८२ को अनुमोदन गरेको छ।

बालबालिकाको हित प्रवर्द्धनका लागि क्षेत्रीय प्रवन्ध गर्ने सार्क अभिसन्धि २००२ र बेश्यावृत्तिका लागि महिला तथा बालबालिकामा हुने बेचविखन रोकथाम तथा नियन्त्रण गर्ने सार्क अभिसन्धि २००२ लाइ नेपालले अनुमोदन गरेको छ।

२.३. बालबालिका सम्बन्धी प्रत्यक्ष सरोकार राख्नेस राष्ट्रिय कानून तथा नीतिहरु

नेपालको संविधानको धारा ३९मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रुपमा अंगिकार गरेको छ। नेपालको संवैधानिक व्यवस्था कार्यान्यनका लागि बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु कार्यान्वयनमा रहेका छन्। नेपालको संविधानको मौलिक हक, राज्यको नीति, नागरिकता, मानव अधिकार आयोग सम्बन्धी व्यवस्थाहरू प्रत्यक्षरूपमा बालबालिकाको अधिकारसँग जोडिएका छन्। बालबालिका सम्बन्धी व्यवस्थाले संवैधानिकरूपमा राज्यका हरेक कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता, बालबालिकाको शारीरिक र मानसिक सम्पूर्णताको सम्मान र संरक्षण तथा बाल उत्तरदायी न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चिता गरेको छ। नेपालमा बालबालिकाको हक हित र अधिकारको संरक्षणका लागि कार्यान्वयनमा रहेका विद्यमान केही कानूनी व्यवस्थाहरु तल प्रस्तुत गरिएको छ।

तालिकाः २ बालबालिका सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

संविधान, कानून तथा नियमावलीहरु	नीति, रणनीति तथा योजनाहरु
नेपालको संविधान, (२०७२)	बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०८०
बालबालिका सम्बन्धी ऐन, २०७५	बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५)
स्थानीय सरकार सञ्चालन ऐन, २०७४	राष्ट्रिय शिक्षा नीति, २०७६
नेपाल स्वास्थ्य सेवा ऐन, २०५३	राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६
बालश्रम (निषेध र नियमित) ऐन, २०५६	विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७
नेपाल नागरिकता ऐन, २०६३	प्रारम्भिक बालविका ससम्बन्धी राष्ट्रिय रणनीति, २०७७-२०८८
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४	अपाङ्गता राष्ट्रिय नीति तथा कार्ययोजना, २०७३-२०८२
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४	बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८
मुलुकी देवानी कार्यविधि संहिता, २०७४	राष्ट्रिय स्वास्थ्य नीति, २०७६
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४	बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारुप, २०७७
श्रम ऐन, २०७४	मानसिक समस्या व्यवस्थापनका लागि मनोसामाजिक परामरर्श/विमर्श सेवा सम्बन्धी एकीकृत कार्ययोजना, २०७७
अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५	राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५	शिक्षा क्षेत्रको योजना (२०७८-८७)
अपराध पीडित संरक्षण ऐन, २०७५	विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८
जनस्वास्थ्य ऐन, २०७५	बालमैत्री सञ्चार निर्देशिका, २०७३
सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५	बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४
सामाजिक सुरक्षा ऐन, २०७५	अनलाइन बालसुरक्षा निर्देशिका, २०७६
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६	बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६
बालश्रम (निषेध र नियमित गर्ने) नियमावली,२०६२	बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९
बालबालिका सम्बन्धी नियमावली, २०७८	बाल हेल्पलाइन नम्बर१०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६
बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६	बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७	सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२
मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५	बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२

२.४. प्रादेशिक कानूनी र नीतिगत व्यवस्था

बालबालिकाको हक, हित र अधिकारको लागि कर्णाली प्रदेशले विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरु गरेको छ। संघीय ऐन तथा कानूनी व्यवस्थाहरुको परिपुरक हुनेगरी तथा प्रदेशको विशिष्टिकृत आवश्यकताको आधारमा कर्णाली प्रदेश सरकारद्वारा बालबालिकाको क्षेत्रमा गरिएका कानूनी तथा नीतिगत प्रयासहरु गरिएको छ।

कर्णाली प्रदेशमा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ कार्यान्वयनमा रहेको छ। यस ऐनले बालबालिकाको स्वास्थ्यको अधिकार सम्बोधन गरेको छ। ऐनमा प्रत्येक ५ वर्षका लागि प्रदेश सरकारले स्वास्थ्य योजना बनाउनुपर्ने, पुर्वाधार विकासको सन्दर्भमा आशयपत्रमा नै भौतिक संरचनाहरु निर्माण गर्दा, जेष्ठ नागरिक, अपांगता तथा लैगिंक पहुँचयुक्त हुने सुनिश्चित गर्नुपर्ने, प्रदेशभित्र सञ्चालित अस्पतालहरुले २४ घण्टा आफुमा उपलव्ध स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, २ वर्षमुनीको बालबालिकाको लागि उक्त बच्चाको आमाको दुध रआमा नभएमा प्रदेश सरकारले सुरक्षित एवम् पर्याप्त पोषणको व्यवस्था गर्ने, स्वास्थ्य संस्थाले आफुमा उपलव्ध भएको जम्मा बेडशैयाको १० प्रतिशत शैया गरीव, विपन्न तथा असहाय वर्गलाई निःशुल्क उपलव्ध गराउनुपर्ने लगायतका व्यवस्थाहरु सुनिस्चित गरेको छ।

यसैगरी कर्णाली प्रदेश सरकारले बालबालिकाको अधिकारको संरक्षण र प्रर्वद्धनका लागि विभिन्न कार्यविधिहरु समेत जारी गरी कार्यान्वयनमा रहेको छ। बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी प्रदेशमा रहेका कार्यविधिहरुको सूची तल प्रस्तुत गरिएको छ :

तालिकाः ३ बालबालिका सम्बन्धी प्रदेशमा कार्यान्वयनमा रहेका नीति, रणनीति तथा कार्यविधिहरु

क्रस	कर्णाली प्रदेशबाट तर्जुमा गरिएका नीति, रणनीति तथा कार्यविधिहरु
१	प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
२	एकीकृत छात्रबृत्ति विवरण तथा व्यवस्थापन कार्यविधि, २०८१
३	मुख्य मन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
४	बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
५	एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
६	शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०८०
७	कर्णाली प्रदेशको बाल विवाह अन्त्य सम्वन्धी रणनीति, २०८२
८	लैगिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२
९	प्रारम्भिक बाल विकास रणनीति कर्णाली प्रदेश, (२०७९-२०८३)

२.५. स्थानीय तहको कानूनी र नीतिगत व्यवस्था

चौकुने गाँउपालिकामा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागिता सम्बन्धी विषयमा विभिन्न विषयगत कानूनी तथा नीतिगत व्यवस्थाहरु गरिएका छन्। गाँउपालिकामा बालसंरक्षण तथा सहभागिताको सन्दर्भमा निर्माण भएका कानूनी तथा नीतिगत व्यवस्थाको तल चर्चा गरिएको छः

क) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०७८

बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावलीले निर्दिष्ट गरेबमोजिमचौकुने गाउँपालिका बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०७८ स्वीकृत भइ कार्यान्वयनमा रहेको छ। यस कार्यविधिले निम्न विषयहरु समेटेको छ।

क) बालकल्याण अधिकारी सम्बन्धी व्यवस्था

ख) स्पष्ट कार्यादेश सहितको स्थानीय तथा वडा बाल अधिकार समितिको व्यवस्था

ग) विशेष संरषणको आवश्यकता भएका बालबालिकाको उद्धार पश्चात राख्नका लागि अस्थायी संरक्षण सेवा सम्बन्धी व्यवस्था

घ) बाल संरक्षण सेवा प्रवाहका लागि बाल कोषको स्थापना तथा परिचालन सम्बन्धी व्यवस्था

ङ) बाल संरक्षण घटना व्यवस्थापनका कार्यमा सहयोग तथा सहजीकरणका लागि समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी व्यवस्था

च) बाल हेल्पलाइन तथा बालबलिका खोजतलास सेवा लगायतका बाल संरक्षण संयन्त्रसँगको समन्वय सम्बन्धी व्यवस्था।

उल्लेखित व्यवस्थाहरुको अतिरिक्त कार्यविधिले बालबालिकाको संरक्षण तथा अधिकार प्रवर्द्धनका लागि बालक्लब दर्ता तथा नवीकरण, बैकल्पिक हेरचाहको व्यवस्थापन, सूचना प्रणाली सञ्चालन एवम् समग्र बाल अधिकार प्रवर्द्धनका व्यवस्थाहरु समेत समेटेको छ।

ख) बालकोष सञ्चालन कार्यविधि, २०८०

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता लेखाजोखाका आधारमा स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीले निर्णय गरे बमोजिमको सहयोग प्रदान गर्नका लागि स्थापना गरिएको बाल कोषको सञ्चालनका लागि यो कार्यविधिमा प्रकृयागत व्यवस्था गरिएको छ। बालकोष परिचालनका मापदण्ड, सिमा र प्रकृया यसमा समेटिएको छः

२.६. विद्यालय तहमा बाल संरक्षण मापदण्ड

नेपालको संविधान, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि एवम् प्रचलित मानव अधिकार सम्बन्धी मापदण्डहरूको पालनाका साथै बालबालिकामाथि जानी जानी वा अन्जानमा हुन सक्ने सम्भाव्य हानि वा हिंसा वा दुर्व्यवहारको जोखिमको पहिचान, उजुरी, तत्काल सम्बोधन एवम् संस्थागत तहमा बाल संरक्षण सुनिश्चत गर्ने उद्देश्यका साथ बाल दुर्व्यवहारविरूद्ध शुन्य सहनशीलताको सिद्दान्त अनुशरण गर्दै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ मा भएको व्यवस्था चौकुने गाउँपालिकाले कार्यान्वयन गरेको छ। चौकुने गाउँपालिकाको सहयोग र सहजीकरणमा तपसिल विद्यालयहरुले बाल संरक्षण मापदण्ड स्वीकृति गरी कार्यान्वयन गरेको अवस्था छाजसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ४ विद्यालय तहमा बाल संरक्षण मापदण्ड स्वीकृत गरेका विद्यालयको विवरण

क्र.सं.	विद्यालयको नाम	वडा नं.	कैफियत
१	ने.रा. मा. वि. धनरास	वडा नं. १	
२	ने.रा. मा. वि. लगाम	वडा नं. २	
३	ने. रा. मा. वि. बेतान	वडा नं. ३	
४	ने. रा. मा. वि शोभानचौर	वडा नं. ३	
५	जगनाथ मा. वि. बिजैरा	वडा नं. ४	
६	जनजागृति मा. वि. तोस्रा	वडा नं. ५	
७	जिवनज्योति मा. वि. झकझके	वडा नं. ६	
८	सिद्धेश्वरी मा. वि. सान्नेघारी	वडा नं. ७	
९	ने. रा. मा. वि. भटटेसेरा	वडा नं. ८	
१०	सरस्वती मा. वि. घाटगाउँ	वडा नं. १०	
११	देविस्थान मा. वि. कुमाला	वडा नं. १०	

स्रोतः चौकुने गाउँपालिका, २०८२

२.७. चौकुने गाउँपालिकाको बाल संरक्षण संयन्त्रको अवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहमा बालबालिका सम्बन्धी कार्यविधि निर्माण, बालकल्याण अधिकारीको नियुक्ति, बालकोषको स्थापना, समाजसेवी र बालमनोविज्ञ सूचिकृत, अस्थायी संरक्षण सेवाको प्रबन्ध लगायतका संयन्त्रको व्यवस्था गरेको छ। सो व्यवस्था कार्यान्वयनका लागि चौकुने गाउँपालिका भएका संयन्त्र अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका : ५ बाल संरक्षण संयन्त्रको अवस्था :

क्र. सं.	संयन्त्र	अवस्था
१	स्थानीय बाल अधिकार समिति	स्थानीय बाल अधिकार समिति गठन भएको छ । जम्मा १६ जना पदाधिकारी छन्।
२	वडा बाल अधिकार समिति	गाउँपालिकाका सबै वडामा वडा बालअधिकार समिति गठन भएको छ। जम्मा ११० पदाधिकारी रहेका छन् ।
३	बालकल्याण अधिकारी	स्थानीय बालकल्याण अधिकारी तोकिएको छ ।
४	बाल कोष	बाल कोषको स्थापना गरी परिचालन गरिएको छ।
५	समाजसेवी र बाल मनोविज्ञ	समाजसेवी तथा बाल मनोविज्ञ २ जना सूचिकृत गरिएको छ।
६	अस्थायी संरक्षण सेवाको प्रवन्ध	नभएको
७	बाल संरक्षण मापदण्ड	११ विद्यालयमा मापदण्ड निर्माण गरी कार्यान्वयनमा रहेको अववस्था छ।

स्रोतः चौकुने गाउँपालिका, २०८२

बाल अधिकार संरक्षणका अधिकांश संयन्त्र स्थापना भइसकेका छन् । स्थानीय तथा वडा बाल अधिकार समिति गठन भई पर्याप्त पदाधिकारी संलग्न हुनु सकारात्मक पक्ष हो । बालकल्याण अधिकारीको नियुक्ति र बाल कोषको स्थापनाले संरचनागत र वित्तीय आधार मजबुत बनाएको छ ।

तर अस्थायी संरक्षण सेवाको व्यवस्था नहुनु मुख्य कमजोरी देखिन्छ । साथै, बाल संरक्षण मापदण्ड केही विद्यालयमा मात्र सीमित हुनु चुनौती हो । समग्रमा, संरचना भए पनि सेवा विस्तार र प्रभावकारितामा अझ सुधार आवश्यक छ ।

चौकुने गाउँपालिकाको आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा महिला तथा बालबालिका शाखा चौकुने गाउँपालिकाको आ.व.२०८२/८३ को नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल विकास, बाल सहभागिता लगायतका विषयहरू सम्बोधन भएको छ । जसमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी विस्तृत रणनीतिक कार्ययोजना अनुसार बजेटको व्यवस्थापन भएको छ । यसैगरी बजेट वक्तव्यमा समग्र बालबालिकाको हक हित र अधिकारको विषयहरू समावेश भएका छन् । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिकाः ६ नीति तथा कार्यक्रममा बालबालिकाका विषयहरु

क.सं.	सम्बोधन भएको विषयहरु
१	स्वास्थ्य संस्थामा शतप्रतिशत प्रसुती गराउन पालिकाभित्र निःशुल्क र बाहिरका लागि सेवा शुल्क लिई एम्बुलेन्स सेवालाई व्यवस्थित बनाईनेछ । बर्थिङ्ग सेन्टरमा दक्ष जनशक्तिबाट सेवा प्रदान गरिने व्यवस्था मिलाई उपाध्यक्ष कोशेली कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२	सबै स्वास्थ्य कार्यालयहरुसँग पहुँच सुनिश्चित गर्ने, औषधीहरु समयमै उपलब्ध गराउने र उपकरण तथा दक्ष जनशक्ति उपलब्ध गराउनेछ ।
३	मातृ र शिशु स्वास्थ्यमा लगानी, उज्यालो भविष्यको थालनी भन्ने मुल नाराकासाथ सुरक्षित मातृत्व सेवा, नियमित गर्भ परीक्षण, सुत्केरी भत्ता, खोप कार्यक्रम, पोषण सुधार कार्यक्रम लगायत नवजात शिशुको मृत्यु दर घटाउने उपायहरू समावेश गराई गाउँपालिकाबाट नियमित रुपमा दिनुपर्ने सेवाहरुलाई अझ व्यवस्थित बनाई लागु गरिनेछ ।
४	संक्रामक तथा दीर्घ रोगहरूको रोकथामका लागि कार्ययोजना ल्याईनेछ । जनचेतना अभिवृद्धि, खोप तथा स्वास्थ्य परीक्षण शिविरहरूको सञ्चालन गरि रोग नियन्त्रण तथा रोकथामका कार्यक्रमहरु संचालन गरिनेछ ।
५	अपाङ्कता भएका बालबालिकाहरुलाई लक्षित गरी शारीरिक, मानसिक र सामाजिक विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
६	समुदाय स्तरका स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उपलब्ध गराउँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ ।
७	नागरिकहरुको उपचारका लागि स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

क.सं.	सम्बोधन भएको विषयहरु
८	शारीरिकरुपमा अपाङ्ग भएका बालबालिकाहरुको उपचार र व्यवस्थापका लागि अपाङ्ग बाल अस्पताल बनेपा काभ्रे र INF सुर्खेतसँग सहकार्य गरि आवश्यक कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ । साथै विद्यार्थीहरुलाई विद्यालयमै र ज्येष्ठ नागरिकहरुलाई प्रत्येक टोलमै दक्ष स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य परीक्षण र परामर्शको व्यवस्था मिलाईनेछ ।
९	सबै प्रकारका हिंसा, विभेदरहित न्यायपूर्ण समाजको निर्माण गर्न महिला,दलित, आदीवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, शारीरिक मानसिकरुपमा अशक्त व्यक्ति, जेष्ठ नागरिक, बालबालिका, विपन्न, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरु राज्यका सबै क्षेत्रहरु समानुपातिक समावेशी प्रतिनिधित्व गराउनुको साथै लक्षित वर्गको क्षमता विकास र सशक्तिकरणको लागि आवश्यक नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्था गरिनेछ । साथै विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसंगको समन्वय सहकार्य र साझेदारीमा सामाजिक कुरीति र कुसंस्कार हटाउँदै लक्षित वर्गको ज्ञान, सिप र आर्यआर्जनसंग सम्बन्धित क्रियाकलापहरु संचालन गरिनेछ ।
१०	बालमैत्री स्थानीय तह । शासन प्रवर्धनलाई प्राथमिकता दिँदै बालमैत्री वडा घोषणा प्रक्रिया अगाडी बढाईनेछ ।साथै गाउँपालिकाद्वारा निर्माण गरिने संरचनाहरुलाई बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ । पालिका तथा वडास्तरिय बाल संजाल, बाल क्लबको भुमिकालाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । बालविबाह, छाउपडि र जातिय छुवाछुत तथा विभेदमुक्त पालिका बनाउन आवश्यक नीति, कानून, कार्यक्रम तर्जुमा गरी अभियानको रुपमा संचालन गरिनेछ ।
११	"हिंसामुक्त गाउँपालिका अभियान" संचालन गरी सबै प्रकारका हिंसाविरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ ।पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।अपाङ्गता पुनर्स्थापना केन्द्र, बालगृहहरु सञ्चालन गरिनेछ ।

स्रोतः चौकुने गाउँपालिका, २०८२

तालिकाः ७ बजेट वक्तव्यमा बालबालिकाका विषयहरु

१	लैंगिक तथा यौनिक, बालबालिका, अपाङ्गता, महिलाहरुको संरक्षण तथा सम्वर्धन गर्न क्षमता विकास, सशक्तिकरणका लागि आवश्यक नीति र कानुन तर्जुमा गर्न बजेट विनियोजन
२	बालमैत्री स्थानीय शासन, बालमैत्री वडा, वडा स्तरीय र गाउँपालिका स्तरीय बाल क्लब गठन, बालविवाह, छाउपडी प्रथा र जातिय विभेदलाई न्यूनिकरण गर्न बजेटको व्यवस्था
३	ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंक रहित घुम्ति सेवा कार्यक्रमलाई निरन्तरता।
४	उल्लेखित कार्यक्रम गर्न ३५ लाख बजेट विनियोजन।

स्रोतः चौकुने गाउँपालिका, २०८२

परिच्छेद–३
बालबालिकाको बाँच्न पाउने अधिकार

३.१. परिचय

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ६ अन्तरगत बालबालिकाको दीर्घ जीवन र विकास एवम् धारा २४ अन्तरगत स्वास्थ्य सम्बन्धी अधिकारमा बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार सम्बन्धी व्यवस्था सुनिश्चित गरिएको छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा जीवन पथको अवधारणा अनुरूप सुरक्षित मातृत्व, बाल स्वास्थ्य सेवाको विकास तथा विस्तार गरिने नीति समावेश भएको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको अधिकार अर्न्तगत आधारभूत स्वास्थ्य र सरसफाइसम्बन्धी आवश्यक नीति निर्माण तथा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ। यसका साथै दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदरमा ७० (प्रत्येक १ लाख जीवित जन्ममा)भन्दा कम गर्ने, नवजात शिशुहरू र पाँच वर्षमुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने लगायतका लक्ष्यहरू रहेका छन्। उल्लेखित कानूनी व्यवस्थाको कार्यान्वयनका लागि गाउँपालिका निरन्तर प्रयासरत रहेको छ। यस परिच्छेदमा चौकुने गाउँपालिका बालबालिकाको स्वास्थ्य सम्बन्धी अधिकारको कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ।

३.२. खोप

बालबालिकाले खोप पाउने नैसर्गिक अधिकारको सुनिश्चितताका लागि नेपाल संवेदनशील रहेको छ। दक्षिण एसियामा राष्ट्रिय खोप ऐन लागू गर्ने नेपाल पहिलो देश हो। बालबालिकालाई विभिन्न रोगबाट सुरक्षित राख्न खोप ऐन, २०७२ कार्यान्वयनमा छ, जसले खोप लगाउन अनिवार्य व्यवस्था गरेको छ। नेपालमा क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला तथा जापानिज इन्से लाइटिसलगायत १३ प्रकारका खोप दिइँदै आएका छन्। विगत तीन आर्थिक वर्षमा चौकुने गाउँपालिकामा खोप प्राप्त बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ८ चौकुने गाउँपालिका खोप पाएका बालबालिका

क्र. स.	खोप	आ.व. २०७९/२०८०	आ.व. ०८०/२०८१	आ.व. २०८१/२०८२
१	बिसिजी (१ वर्ष मुनिका)	३७७	३५०	३१८
२	डिपिटी/हेप B-हिव ३ (१ वर्ष मुनिका)	४६४	४५८	४०९
३	दादुरा/रुवेला (१२ देखि २३ महिना)	५१६	४४३	४२१
४	पूर्ण खोप पाएका बालबालिका (%)	८७।०२	७५।२५	८७।३२

स्रोतः स्वास्थ्य शाखा चौकुने गाउँपालिका, २०८२

आ.व. ०७९/८०, ०८०/०८१ र २०८१/२०८२ मा विभिन्न खोपहरूको सेवा लिने बालबालिकाको संख्या सामान्यतः घट्दो क्रममा देखिन्छ। विशेष गरी बीसीजी खोप ३७७ बाट ३१८ मा, डिप्टी/हेपB– हिव ३ खोप ४६४ बाट ४०९ र दादुरा/रुवेला खोप ५१६ बाट ४२१ मा झरेको छ। यसले खोपमा पहुँच चुनौतिरहेको देखिन्छ। तर, पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत आ.व. ०८०/०८१ मा घटे पनि ०८१/०८२ मा फेरि बढेर ८७.३२% पुगेको छ, जुन सकारात्मक हो र खोप अभियान प्रभावकारी रहेको देखाउँछ। बालबालिकाको जन्मदरमा कमि हुदै जादाँ खोप लगाउने बालबालिकाको संख्यामा न्यून देखिए पनि सबै बालबालिकाहरूले खोप सेवा प्राप्त गरेका छन्।

३.३. संस्थागत प्रसुतिको अवस्था

नेपालमा मातृ तथा नवजात शिशु मृत्यु दर उच्च रहेकाले सुरक्षित प्रसुति सुनिश्चित गर्न संस्थागत प्रसुतिको अवधारणा विकास गरिएको हो । घरमै हुने प्रसुतिका कारण जटिलता र जोखिम बढ्ने भएकाले सरकारले स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउने नीति छ। चौकुने गाउँपालिकाले सुरक्षित मातृत्व सेवा प्रदान गर्न विभिन्न प्रोत्सहान तथा सचेतनामूलक कार्यक्रम सञ्चारलन गर्दै आएको छ। गाउँपालिकाको संस्थागत प्रसुतिको अवस्था देहायबमोजिम प्रस्तुत गरिएको छ।

तालिकाः ९ स्वास्थ्य संस्थामा प्रसुती हुनेको संख्या

आर्थिक वर्ष	संख्या
२०७९/२०८०	३१४
२०८०/२०८१	२६७
२०८१/२०८२	२४५

स्रोतः स्वास्थ्य शाखा चौकुने गाउँपालिका, २०८२

स्वास्थ्य शाखाको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/०८० मा संख्या ३१४ रहेकोमा २०८०/०८१ मा घटेर २६७ पुगेको छ र २०८१/०८२ मा घट्दै २४५ मा सीमित भएको देखिन्छ।

३.४. पूर्णखोप घोषणा

पूर्ण खोप स्वास्थ्य र रोग रोकथामको महत्वपूर्ण उपाय हो, जसले बच्चा र वयस्क दुवैलाई विभिन्न संक्रामक रोगबाट बचाउँछ। खोपले शरीरमा रोगसँग लड्ने क्षमता विकास गर्छ, जसले रोग लाग्दा गम्भीर असर कम गर्छ वा रोग नै रोक्छ। नेपालको स्वास्थ्य कार्यक्रम अन्तर्गत शिशु र बालबालिकालाई पोलियो, खस्रो, दाद, हिपाटाइटिस, टिटानस, र बर्डिन जस्ता रोगका लागि समय अनुसार पूर्ण खोप प्रदान गरिन्छ। नियमित खोप कार्यक्रमले सामुदायिक स्वास्थ्य सुधार्न, मृत्यु दर घटाउन र दीर्घकालीन रोग रोकथाममा योगदान पुऱ्याउँछ। यसले बालबालिकाको जीवन र स्वास्थ्य सुरक्षामा महत्वपूर्ण भूमिका खेल्छ र समग्र जनस्वास्थ्य मजबुत बनाउँछ। चौकुने गाउँपालिका पूर्ण खोप २०८२ जेठमा पूर्ण खोपयुक्त स्थानीय तह घोषणा भएको छ।

३.५. बाल मृत्युदर

स्वास्थ्य शाखा, चौकुने गाउँपालिका २०८२ का अनुसार स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरू उत्साहजनक छन्। आर्थिक वर्ष ०७९/८० मा नवजात शिशु मृत्युदर ०.१७ प्रतिशत रहेको भए पनि शिशु तथा बाल मृत्युदर शून्य थियो। आर्थिक वर्ष ०८२/०८३ को पुस सम्ममा नवजात, शिशु तथा बाल मृत्युदर सबै शून्यमा झर्नुले संस्थागत सुत्केरी सेवा, नियमित स्वास्थ्य जाँच, खोप कार्यक्रम, पोषण तथा मातृ–शिशु स्वास्थ्यसम्बन्धी सचेतना र स्वास्थ्य सेवाको सुदृढीकरण प्रभावकारी भएको स्पष्ट देखिन्छ।

३.६. बाल पोषणको अवस्था

नेपालको संविधानले प्रत्येक नागरिकको खाना, स्वास्थ्य तथा पोषणको अधिकार सुनिश्चित गरेको छ। कुपोषणका सबै स्वरूपलाई सम्बोधन गर्न नेपाल सरकारले राष्ट्रिय पोषण नीति, रणनीति र कार्ययोजना परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ। दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म कुपोषणको दर ३ प्रतिशतमा र पाँच वर्षमुनिका बालबालिकामा कम तौलको अवस्था ९ प्रतिशतमा झार्ने, साथै प्रजनन उमेरका महिला तथा बालबालिकामा रहेको रक्तअल्पता १० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरिएको छ। चौकुने गाउँपालिकामा बालबालिकाको पोषणसम्बन्धी तुलनात्मक अवस्था तलको तालिकामाप्रस्तुत गरिएको छः–

तालिकाः १० बाल पोषणको अवस्था

पोषणको अवस्था	आ.व.२०७९/२०८०	आ.व.२०८०/२०८१	आ.व.२०८१/२०८२
बढी तौल भएको	0	0	0
ख्याउटेपन	0	0	0
कम तौल	५८	८४	११५
पुड्कोपन	0	0	0

स्रोतः स्वास्थ्य शाखा चौकुने गाउँपालिका, २०८२

तालिका अनुसार कम तौल भएका बालबालिकाको संख्या आर्थिक वर्ष ०७९/०८० मा ५८ रहेकोमा ०८०/०८१ मा बढेर ८४ पुगेको छ। यो २६ जनाको वृद्धि हो, जसले करिब४४.८% वृद्धिभएको देखाउँछ। आर्थिक वर्ष ०८१/०८२ मा कम तौल भएका बालबालिकाको संख्या थप बढेर ११५ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ३१ जनाले वृद्धि भएको हो। यसले करिब३६.९% वृद्धि जनाउँछ।

समग्रमा तीन वर्षको अवधिमा कम तौल भएका बालबालिकाको संख्या ५८ बाट ११५ पुगेको छ, अर्थात् ९८.३% ले वृद्धिभएको देखिन्छ। यसले बाल पोषण अवस्था क्रमशः बढ्दो जोखिमतर्फ गएको तथ्याङ्कले देखाउँछ।

अन्य सूचकहरू (बढी तौल, ख्याउटेपन र पुड्कोपन) सम्बन्धी डाटा उपलब्ध नभएकाले तिनको प्रवृत्तिगत विश्लेषण गर्न नसकिए पनि, कम तौलको निरन्तर वृद्धि गम्भीर चिन्ताको विषय भएकाले लक्षित पोषण कार्यक्रम, नियमित अनुगमन र अभिभावक सचेतना आवश्यक देखिन्छ।

३.७. मातृ मृत्युदरको अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको मातृ मृत्युदर १५१ जना प्रति लाख जीवित जन्ममा रहेको छ। चौकुने गाउँपालिका को मातृ मृत्युदर क्रमशः घट्दो क्रममा रहेको छ। चौकुने गाउँपालिका मा गत ३ आर्थिक वर्षमा मातृ मृत्युदरको अवस्थालाई विश्लेषण गर्दा आ.व.२०८१/८२ सम्म कुनै पनि आमाले ज्यान गुमाउन परेको छैन। यो तुलनात्मक रूपले मातृ मृत्युदरमा आएको उल्लेखनीय सुधार हो। यसको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवं गैर सरकारी निकायहरूको प्रभावकारी सेवा रहेको मान्न सकिन्छ।

३.८. मानसिक स्वास्थ्य र आत्महत्याको अवस्था

मानसिक स्वास्थ्य भन्नाले व्यक्तिको मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक तन्दुरुस्तीलाई बुझाउँछ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार दैनिक जीवनमा आइपर्ने सामान्य तनावहरू व्यवस्थापन गर्न नसकी दैनिकी, घर परिवार र समाजमा योगदान गर्न कठिन हुने अवस्था मानसिक समस्या हो। मन, शरीर र समाजबीचको अन्तर सम्बन्धले स्वास्थ्यमा ठूलो प्रभाव पार्दछ, जसलाई मनोसामाजिक अवस्था भनिन्छ। यी पक्षहरूबीच सन्तुलन नहुँदा मन खिन्न हुनु, दुःखी महसुस हुनु, आफूलाई माया र सम्मान नपाएको अनुभूति हुनु तथा दिक्दारी बढ्नु जस्ता समस्या देखिन्छन्। अभिभावकको मानसिक स्वास्थ्य, प्रारम्भिक बाल्यावस्थाको हुर्काइ, घरेलु हिंसा, गरिबी, तनावपूर्ण वातावरण र प्रविधिको अत्यधिक प्रयोगले बालबालिकाको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। यसले आत्महत्यासम्मको जोखिम बढाउन सक्छ। यस सम्बन्धी तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ११ चौकुने गाउँपालिका बालबालिकाको आत्महत्याको अवस्था

विवरण	आ.व. २०७९/२०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/२०८२
आत्महत्या गरेका बालबालिका	५	४	३
आत्महत्या प्रयासबाट उद्धार गरिएका बालबालिका	३	११	६
जम्मा	८	१५	९

स्रोतः चौकुने गाउँपालिका स्वास्थ्य शाखा २०८२

आर्थिक वर्ष ०७९/०८० देखि ०८१/०८२सम्म आत्महत्या गरेका बालबालिकाको संख्या क्रमशः ५, ४ र ३ मा घट्दै गएको देखिन्छ। यसले पछिल्ला वर्षहरूमा घटनाक्रमिक घट्दो प्रवृति देखिन्छ।। यद्यपि, आत्महत्या प्रयासबाट उद्धार गरिएका बालबालिकाको संख्या आ.व.२०७९/२०८० मा ३ जना र आ. व. २०८०/०८१ मा ११ जनाको उद्धार गरिएकोमा आ.व. २०८१/२०८२ मा ६ जनाको उद्धार गरेको देखिन्छ। उद्धार, पहिचान वा रिपोर्टीङ प्रणालीलाई अझै सुदृढ गर्नु पर्ने देखिन्छ। बालबालिकाको मानसिक स्वास्थ्य, समयमै पहिचान र रोकथामका कार्यक्रमहरू सञ्चाललन गर्न आवश्यक देखिन्छ।

३.९. संक्रामक तथा नसर्ने रोग र बालबालिका

दिगो विकास लक्ष्यले एचआईभी, क्षयरोग, औलो तथा पानीजन्य रोगहरूको रोकथाम र सन् २०३० सम्म नसर्ने रोगबाट हुने असामयिक मृत्युदर एकतिहाइले घटाउने परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। चौकुने गाउँपालिकामा आ.व. २०८१/०८२ सम्मको अवस्थालाई हेर्दा एचआईभी/एड्स, हेपाटाइटिस बी, मलेरिया तथा नवजात शिशु टिटानसबाट प्रभावित बालबालिका नरहेको देखिन्छ। क्यान्सर तथा अन्य नसर्ने रोगका घटना पनि न्यून रहेको तथ्याङ्कले देखाउँछ। तर पानीजन्य रोग अन्तर्गत पखालाबाट प्रभावित बालबालिकाको संख्या आ.व. ०७९/०८० मा ४४२, आ.व. ०८०/८१ मा ४१० र आ.व. ८१/०८२ मा ४६० रहेको छ। समग्रमा संक्रामक तथा नसर्ने रोगको न्यून अवस्था हुनु स्वास्थ्य संयन्त्रको प्रभावकारी कार्यान्वयन र नागरिक सचेतना कार्यक्रमको परिणाम हो जुन तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १२ संक्रामक तथा नसर्ने रोग र बालबालिका

विवरण	आ.व.२०७९/२०८०	आ.व.२०८०/२०८१	आ.व.२०८१/२०८२
संक्रामक (HIV/ADIS/HB	०	०	०
क्यान्सर रोग	०	०	०
अन्यनसर्ने रोग	०	०	०
मलरिया	०	०	०
पखालाबाट प्रभावित	४४२	४१०	४६०
अन्य नसर्ने रोग	०	०	०
जम्मा			

आर्थिक वर्ष २०७९/२०८० देखि २०८१/२०८२ सम्म विभिन्न स्वास्थ्य समस्या रहेको छैन। अन्य संक्रामक रोग (HIV/AIDS/HB), क्यान्सर रोग, अन्य नसर्ने रोग, मलरिया प्रभावित बालबालिकाहरू यस गाउपालिकामा रहेको देखिदैन। आर्थिक वर्ष २०७९/२०८० मा ४४२ जना बालबालिका पखालाबाट प्रभावित थिए। आर्थिक वर्ष २०८०/२०८१ मा यो संख्या घटेर ४१० पुगेको छ, जुन करिब ७.२% कमी हो। यसले पखालासम्बन्धी समस्या केही घटेको देखिन्छ। तर आर्थिक वर्ष २०८१/२०८२ मा पुनः वृद्धि भई ४६० पुगेको छ, जुन २०८०/२०८१ को तुलनामा करिब१२.२% वृद्धि हो। यसले पखालासम्बन्धी समस्या एक वर्ष घटे पनि त्यसपछि पुनः बढ्दो अवस्थामा रहेको देखाउँछ।

परिच्छेद–४
बालबालिकाको संरक्षणको अधिकार

४.१. परिचय

नेपालको संविधानले बालबालिकाको संरक्षणको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने, बालबालिकाबाट कसैले गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने, छोरा–छोरी, छोरा–छोरा वा छोरी –छोरीबिच कुनै किसिमले भेदभाव गर्न नहुने, बालयौन दुरुपयोग विरुद्ध कसूर हुने व्यवस्थाहरू छन्।

बालबालिका सम्बन्धी ऐन,२०७५ बालबालिकाका लागि विशिष्टीकृत ऐन भएकोले बालबालिकाको संरक्षणको अधिकार सहित मूलभूतः १३ किसिमका अधिकारहरूको व्यवस्था गर्नुका साथै अधिकार कार्यान्वयनका लागि आवश्यक संरचना सम्बन्धी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले बालबालिकासँग सम्बन्धित पञ्जिकरण, सूचना व्यवस्थापन, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, र मानसिक असन्तुलन भएका व्यक्तिहरूको संरक्षण र व्यवस्थापन, बालविवाह लैङ्गिक हिंसा, छुवाछूत, हलिया, छाउपडी, कमलरी, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्ने गराउने लगायतका कार्य गर्नुपर्ने व्यवस्था रहेको छ।

४.२. बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय परिचय–पत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम विभिन्न अवस्थाका बालबालिकाको पहिचान, जन्मदर्ता तथा नागरिकता सम्बन्धी व्यवस्था भएको छ।

चौकुने गाउँपालिका बालबालिकाको जन्म दर्ता एवम् पहिचानको अधिकार कार्यान्वयनका लागि विभिन्न किसिमका प्रोत्साहनका कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। बाल पोषण भत्ता, सचेतना अभियान लगायतका कार्यक्रमले बालबालिकाको जन्म दर्ता दर क्रमश सुधार भैरहेको छ। चौकुने गाउँपालिका को ५ वर्ष मुनिका बालबालिकाको वडागत जन्म दर्ताको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिकाः १३ चौकुने गाउँपालिका जन्म दर्ताको प्रतिशत तथा विवरण

वडा	आ.व.२०७९/२०८०			आ.व. २०८०/०८१			आ.व.२०८१/२०८२		
	बालक	बालिका	जम्मा	बालक	बालिका	जम्मा	बालक	बालिका	जम्मा
वडा नं १	५०	३४	८४	६१	४८	१०९	३४	६३	९७
वडा नं २	३१	२८	५९	३४	३३	६७	२६	३८	६४
वडा नं ३	३७	२५	६२	४६	५१	९७	५४	६८	१२२
वडा नं ४	५५	५९	११४	४१	६२	१०३	५८	४२	१००
वडा नं ५	३१	३६	६७	४७	३७	८४	४१	४२	८३
वडा नं ६	४१	२४	६५	७७	४८	१२५	४९	४८	९७
वडा नं ७	६४	५७	१२१	९०	७३	१६३	६५	४८	११३
वडा नं ८	३१	३१	६२	४३	५५	९८	३२	३५	६७
वडा नं ९	५१	३९	९०	४३	४७	९०	५८	४४	१०२
वडा नं १०	४६	३१	७७	७६	५५	१३१	७५	६५	१४०
जम्मा	४३७	३६४	८०१	५५८	५०९	१०६७	४९२	४९३	९८५

स्रोतः पञ्जिकरण शाखा, चौकुने गाउँपालिका , २०८२

आर्थिक वर्ष २०७९/२०८० मा जम्मा ८०१ बालबालिका रहेका छन् भने २०८०/०८१ मा यो संख्या बढेर १,०६७ पुगेको छ। यस अनुसार २६६ जनाले वृद्धि भएको देखिन्छ, जुन करिब ३३.२% वृद्धि हो। यसले सो अवधिमा बालबालिकाको पहुँच वा समावेशिता उल्लेखनीय रूपमा बढेको छ। तर आर्थिक वर्ष ०८१/०८२ मा जम्मा बालबालिकाको संख्या घटेर ९८५ मा सीमित भएको छ। ०८०/०८१ को तुलनामा ८२ जनाले कमी आएको देखिन्छ, जुन करिब ७.७% कमी हो। समग्रमा हेर्दा ०७९/०८० देखि ०८०/०८१ सम्मबढ्दो प्रवृत्ति देखिएको छ भने ०८०/०८१ देखि ०८१/०८२ मा घट्दो क्रममा गएको देखिन्छ।

तालिकाः १४ राष्ट्रिय जनगणना अनुसार ५ वर्ष मुनिका बालबालिकाको जन्म दर्ताको अवस्था

पालिका	कूल बालबालिका	जन्म दर्ता भएका बालबालिका	जन्म दर्ता नभएका बालबालिका
चौकुने गाउँपालिका	३५४८	२९८५	५६३

स्रोतः राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना २०७८ का अनुसार ५ वर्ष मुनिका कूल बालबालिका ३,५४८ जनारहेका छन्। तीमध्ये २,९८५ जना (करिब ८४.१%)बालबालिकाको जन्म दर्ता भइसकेको देखिन्छ। बाँकी ५६३ जना (करिब १५.९%) बालबालिकाको भने जन्म दर्ता नभएको अवस्था छ।

यसले अधिकांश बालबालिका जन्म दर्ताको पहुँचमा पुगेको देखिए पनि उल्लेख्य संख्यामा बालबालिका अझै पनि जन्म दर्ताबाट वञ्चित रहेको देखिन्छ। जन्मदर्ता नभएका बालबालिकालाई लक्षित गरी जनचेतना अभिवृद्धि, अभिभावकसँग समन्वय र स्थानीय तहको सक्रिय पहल आवश्यक देखिन्छ, ताकि सबै बालबालिकाको कानुनी पहिचान सुनिश्चित गर्न सकियोस्।

४.३. अपाङ्गता भएका बालबालिका

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २३ मा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान रहेको छ भने संयुक्त राष्ट्रसंघका अन्य केही घोषणामासमेत अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी व्यवस्था रहेको छ। चौकुने गाउँपालिका अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै नीति तर्जुमा तथा विभिन्न कार्यहरू कार्यान्वयन गर्दै आएको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालभरी कुनै न कुनै प्रकारको अपाङ्गता भएको बालबालिकाको संख्या १,२१,४९८ (१.२३ प्रतिशत) रहेको छ। जसमध्ये चौकुने गाउँपालिका रहेका कूल १३४ जना अपाङ्गता भएका बालबालिका रहेको छ। अपाङ्गताको प्रकार अनुसार बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १५ अपाङ्गता भएका बालबालिकाको संख्या

क्रसं	अपाङ्गताको विवरण	संख्या	क्र सं	अपाङ्गताको विवरण	संख्या
१	शारिरीक अपाङ्गता	५८	७	बोलाई	१२
२	न्युन दृष्टियुक्त	८	८	मानसिक तथा मनोसामाजिक	६
३	पूर्ण दृष्टिविहिन	७	९	बौद्धिक अपाङ्गता	१
४	बहिरोपन	१०	१०	अनुबंशीय रक्तश्राव (हेमोफेलिया)	०
५	सुष्तश्रवण	५	११	अटिजम	७
६	श्रवण दृष्टिविहिन	४	१२	बहुअपाङ्गता	१६

स्रोतः राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना २०७८ का अनुसार सबैभन्दा बढी शारिरीक अपाङ्गतामा छ, जसमा ५८ जना व्यक्ति रहेका छन्। त्यसपछि बहुअपाङ्गता भएका १६ जना, न्यून दृष्टियुक्त ८ जना, पूर्ण दृष्टिविहिन ७ जना र अटिजम भएका ७ जना रहेका छन्।

त्यसैगरी, श्रवण अपाङ्गता भएका ५ जना, श्रवण–दृष्टिविहिन ४ जना, बहिरोपन १० जना, बोलाईमा समस्या भएका १२ जना, मानसिक तथा मनोसामाजिक ६ जना रहेका छन्। अनुवंशीय रक्तश्राव (हेमोफेलिया) भएका व्यक्तिको संख्या शून्य छ।

शारिरीक अपाङ्गता सबैभन्दा सामान्य अपाङ्गता हो भने बहुअपाङ्गता र बोलाई सम्बन्धी अपाङ्गतासहित अन्य अपाङ्गताहरू पनि महत्वपूर्ण छन्। समग्रमा, जम्मा जनसंख्याको करिब १.६३ प्रतिशत बालबालिका अपाङ्गता भएका छन्। यसले लक्षित कार्यक्रम, र प्राथमिकतामा ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ।

स्रोत कक्षामा अध्ययनरत बहिरा बालबालिकामा कुल ११ जना छन्, जसमा ७ जना बालक र ४ जना बालिका रहेका छन्। बाहिरा अध्ययन गर्ने बालबालिकामध्ये बालकहरूको संख्या बालिकाभन्दा बढी छ। त्यसैगरी, आवासीय रूपमा अध्ययन गरिरहेका अपाङ्गता भएका बालबालिकामा कुल ८ जना छन्, जसमा ५ जना बालक र ३ जना बालिका रहेका छन्। यसले अपाङ्गता भएका बालबालिकामा पनि बालकको संख्या बढी रहेको देखाउँछ।

तालिका : १६ चौकुने गाउँपालिका बाट अपाङ्गता परिचयपत्र लिएका बालबालिकाहरुको संख्या

वर्ग	बालक	बालिका	जम्मा
क	१७	१३	३०
ख	१९	२३	४२
ग	९	७	१६
घ	३	१	४
जम्मा	४८	४४	९२

स्रोतः चौकुने गाउँपालिका, २०८२

प्रस्तुत तथ्याङ्क अनुसार क, ख, ग र घ गरी जम्मा चार वटा वर्गमा जम्मा ९२ जनाले अपाङ्गताको परिचय पत्र प्राप्त गरेका छन्। जसमा ४८ जना बालकर ४४ जना बालिकारहेका छन्। समग्र रूपमा हेर्दा बालक र बालिकाको संख्या करिब सन्तुलित देखिन्छ।

वर्गगत रूपमा हेर्दा "ख" वर्गमा सबैभन्दा धेरै ४२ जनारहेका छन्, जसमा बालिकाको संख्या २३ जना बालक भन्दा १९जना बढी छ। "क" वर्गमा ३० जनाबालबालिका रहेका छन्, जहाँ बालक १७ जना बालिकाभन्दा १३ जना बढी छन्। "ग" वर्गमा १६ जनार "घ" वर्गमा सबैभन्दा कम ४ जनाबालबालिका रहेका छन्। अधिकांश अपाङ्गता भएका बालबालिका "क" र "ख" वर्गमा रहेको देखिन्छ भने "घ" वर्गमा न्यून भएको तथ्याङ्कले देखाउँछ।

४.४. बाल शोषणको अवस्था

कुनै पनि व्यक्तिको शरीर र उसको लैङ्गिकतालाई व्यक्तिगत लाभ वा फाइदाका लागि प्रयोग गर्नु नै बालशोषण हो। कानूनी आधारमा हेर्दा बालबालिकालाई बेश्यावृत्तिमा लगाउने, आर्थिक लाभका लागि यौन क्रियाकलापमा संलग्न गराउनु, यौनशोषणका लागि बेचबिखन गर्नु वा उनीहरूलाई बन्धक बनाउनु,इन्टरनेट अनलाइनको माध्यमबाट यौनजन्य क्रियाकलाप गर्ने,अश्लील चित्रणमा बालबालिकाको दुरूपयोग गर्ने, बालबालिकालाई यौन पर्यटनमा संलग्न गराउनु बालशोषण हो। चौकुने गाउँपालिका बालशोषणको अवस्था रिपोर्टिङ भएको देखिदैन।

४.५. लागू पदार्थ दुर्व्यशनी तथा ओसारपसार

संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धिको धारा ३३ मा राज्यले बालबालिकालाई लागू पदार्थहरुको गैरकानूनी प्रयोगबाट बचाउनुका साथै त्यस प्रकारको वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बालबालिकाको प्रयोगलाई रोकथाम गर्नु पर्दछ भन्ने व्यवस्था छ।

स्थानीय प्रहरी कार्यालयबाट प्रप्त जानकारी अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुनै पनि बालबालिका लागू पदार्थ दुर्व्यशनीमा संलग्न भई उजुरी परेको देखिदैन। लागु पदार्थ दुर्व्यशनी सम्बन्धी सचेतना कार्यक्रमहरु गरिरहेको छ

४.६. बाल श्रमको अवस्था

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६)मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ। उपदफा (९)ले १४ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ। दफा ४८ अनुसार जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन्। चौकुने गाउँपालिका बालश्रम रोकथाम तथा अन्त्यका लागि पारिवारिक सहयोग, श्रमबाट बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू गर्दै आएको छ।

चौकुने गाउँपालिकामा बालश्रमिकको रुपमा होटेल, यातायातका क्षेत्रहरुमा बालश्रमिक नरहेको र पढाइ छोडेर श्रमिकको रुपमा काम गर्न निजी क्षेत्रहरु एवं निर्माण व्यवसायीहरुसँग काम गर्ने गरिरहेको र भारतमा कामको लागि बालकहरु जाने गरेको पाइन्छ। यसैगरी राष्ट्रिय जनगणना, २०७८ अनुसार २८५८ जना बालबालिका आर्थिक उपार्जन तथा आयआर्जनसँग सम्बन्धित कुनै न कुनै काममा संलग्न भएको देखिन्छ। आर्थिक काममा संलग्न बालबालिकाको उमेर समूह अनुसारको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १७ आर्थिक गतिविधिममा संलग्न बालबालिकाको उमेर समूह अनुसारको संख्या

क्र.स.	संलग्नताको किसिम	उमेर समूह			जम्मा
		१०-१२	१३-१५	१६-१७	
१	आयमुलक काममा संलग्न बालबालिकाको संख्या	९९४	११५४	७१०	२८५८

स्रोतः राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकामा कूल २८५८ जना बालबालिका कुनै न कुनै काममा संलग्न रहेको देखिएको छ। सबैभन्दा धेरै १३ देखि १५ वर्ष उमेर समूहका ११५४ जना (४०.३७ प्रतिशत) बालबालिका आयमूलक काम तथा आर्थिक गतिविधिमा संलग्न रहेको देखिन्छ भने १६ देखि १७ वर्ष उमेर समूहका ७१० जना रहेको देखिन्छ। बालबालिका सम्बन्धी ऐन २०७५ ले १४ वर्ष उमेर भन्दा कम उमेरका बालबालिकालाई कुनै पनि काममा लगाउनु नहुने कानूनी व्यवस्था रहेको भएता पनि १२ वर्ष भनेदा कम उमेरका ९९४ जना बालबालिका समेत कुनै न कुनै आर्थिक गतिविधिमा संलग्न हुनु गम्भीर चुनौतिको रुपमा देखिएको छ। यसैगरी काम प्रकृति अनुसार विभिन्न काममा संलग्न रहेका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १८ राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक कामको प्रकृति अनुसार संलग्न बालबालिकाको संख्या

क्र.स.	संलग्नताको किसिम	जम्मा
१	व्यवस्थापकीय काम	२
२	व्यावशायीक काम	१
३	प्राविधिक काम	०
४	कार्यालय सहयोगी	२
५	सेवा तथा पसल	९
६	घरयासी काम	२२३२
७	निर्माण सम्बन्धी काम	०
८	मेसिन तथा औजार सञ्चालन	२
९	सामान्य काम	६०७
१०	काम नखुलेको	३
	जम्मा	**२८५८**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

माथिको तालिकाले घरयासी काम तथा सामान्य काम बाहेक पनि चौकुने गाउँपालिकामा २ जना बालबालिका बालश्रममा रहेको देखिन्छ। बालश्रम निवारणका लागि गाउँपालिकाले काम गर्न आवश्यक रहेको देखिन्छ।

चित्र : उमेर समूह अनुसार आर्थिक क्रियाकलापमा संलग्न बालबालिका



स्रोतः राष्ट्रिय जनगणना, २०७८

१०–१२ वर्ष उमेर समूहमा ९९४ बालबालिका विभिन्न काममा संलग्न छन्, जुन कुल बालबालिकाको करिब ३४.८ प्रतिशत हो। १३–१५ वर्ष उमेर समूहमा काम गर्ने बालबालिकाको संख्या सबैभन्दा बढी १,१५४ जना रहेको छ, जसले कुलको करिब ४०.४ प्रतिशत प्रतिनिधित्व गर्छ। १६–१७ वर्ष उमेर समूहमा काम गर्ने बालबालिका ७१० जना रहेका छन्, करिब २४.८ प्रतिशत।

समग्रमा, कुल २,८५८ बालबालिका विभिन्न कारणले काममा संलग्न भएको तथ्याङ्कले देखाउँछ। किशोरावस्थामा (१३–१५ वर्ष) उमेर समूहका बालबालिकाको काममा संलग्नता सबैभन्दा उच्च छ, जसले सुरक्षा, शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी वढाउनु पर्ने अवस्था देखाउँछ।

४.७. बालबालिकाको बेचबिखन तथा ओसारपसार

बाल अधिकार सम्बन्धी महासन्धिको धारा१९, ३४ र ३५ मा बालबालिका विरुद्धको गैरकानूनी ओसारपसार, यौन शोषण तथा दुर्व्यवहार लगायतका दुष्कार्यमा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले यस महासन्धि अन्तर्गतको "बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००" लाई सन् २००६को जनवरी २० तारिखमा अनुमोदन गरी बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरू सम्बोधन गर्न संवेदनशील रहेको छ। चौकुने गाउँपालिका ले बालबालिकाको बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि समुदाय स्तरमा सचेतना, सहयोग तथा क्षमता अभिवृद्धि तालिम, अभिभावक शिक्षा, किशोरी सशक्तीकरण लगायतका कार्यक्रमहरू सञ्चालन गरी रहेको छ।

गाउँपालिकामा कामको सिलसिलामा अनाधिकृत रुपमा भारत जाने तथा बाबु आमाले लैजाने गरेको पाइन्छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६८ अनुसारको बालबालिका विरुद्धको हिंसा र दुर्व्यवहारको अनिवार्य सूचना दिनुपर्ने व्यवस्थाको कार्यान्वयन पूर्ण रुपमा नहुँदा यस्ताघटनाहरू उजुरी प्रकृयामा नआएकोले आगामी दिनमा यसको सचेतनाका लागि समुदाय तथा विद्यालय स्तरमा थप कार्यक्रम विस्तार गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

४.८. बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार

बाल अधिकार सम्बन्धी महासन्धिको धारा २, १९ र ३६ अनुसार बालबालिका विरुद्ध कुनै पनि विभेद, हिंसा र दुर्व्यवहार गर्न हुँदैन। नेपालको संविधान र कानूनमा कुनै पनि आधारमा कसैलाई भेदभाव गर्न र हिंसा तथा दुर्व्यवहार गर्न नहुने प्रावधानहरू रहेका छन्। नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ अनुसार प्रत्येक बालबालिकालाई निजको बाबु, आमा लगायत कुनै पनि व्यक्तिले कुनै पनि किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुत जस्ता दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ। दफा ६६ मा बालबालिका विरुद्धको हिंसा र दुर्व्यवहारको परिभाषित गरी बालबालिका विरुद्धको कसूर मानेको छ।

४.९. बालबालिका विरुद्धको अनलाइन हिंसा

बालबालिका विरुद्ध हुने अनलाइन दुर्व्यवहार सम्बन्धी विषय समेत सम्बोधन गर्ने गरी साइबर अपराध लक्षित विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याएको छ। चौकुने गाउँपालिकाबाट बालबालिका अनलाइन दुर्व्यवहार परेको उजुरी प्रहरी चौकीमा नपरे पनि अनलाइन दुर्व्यवहार नै नभएको भने होइन। सामाजिक रुपमा अनलाइन दुर्व्यवहार हुने गरेको तर उजुरी गर्दा इज्जत प्रतिष्ठामा आँच आउने पुरातन बुझाइ रहेको हुदाँ निवेदन दिनेगरेको पाइदैन।

४.१०. यौन हिंसा र दुर्व्यवहार

नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार प्रत्येक बालबालिकालाई यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ। ऐनको दफा ६६ मा बालबालिका विरुद्धको यौन हिंसा र दुर्व्यवहारका विभिन्न व्यवहारहरु परिभाषित गरी यस्ता दुर्व्यवहारहरु बालबालिका विरुद्धको कसूर मानिने व्यवस्था छ।

४.११. बालविवाह

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ। मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने कानुनी व्यवस्था छ। दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ। चौकुने गाउँपालिकामा उमेर समूह अनुसार बालविवाहको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १९ चौकुने गाउँपालिकाको बालविवाहको अवस्था

उमेर समूह	बालिका	बालक	जम्मा
१० वर्ष भन्दा मुनि	९	१५	२४
१० देखि १४ वर्ष	६९१	१९१	८८२
१५ देखि १७ वर्ष	२४९६	८१५	३३११
१८ देखि २० वर्ष	३१६५	२८४०	६००५
जम्मा	६३६१	३८६१	१०२२२

स्रोतः राष्ट्रिय जनगणना, २०७८

१० वर्ष भन्दा मुनि २४ जना बालबालिका छन्, जसमा ९ जना बालिका र १५ जना बालक छन्। १०–१४ वर्ष समूहमा ८८२ जना बालबालिका छन्, जसमा ६९१ जना बालिका र १९१ जना बालक रहेका छन्। १५–१७ वर्ष समूहमा ३,३११ जना बालबालिका छन्, जसमा २,४९६ जना बालिका र ८१५ जना बालक रहेका छन्। १८–२० वर्ष समूहमा सबैभन्दा बढी ६,००५ जना बालबालिका रहेका छन्, जसमा ३,१६५ जना बालिका र २,८४० जना बालक छन्। समग्रमा, कुल १०,२२२ जना बालबालिकाले बाल विवाह गरेको देखिन्छ। जसमा ६,३६१ जना बालिका र ३,८६१ जना बालक रहेको तथ्याङ्कले देखाउँछ।

४.१२. घरमा हुने प्रसुतिको अवस्था

गाउँपालिकाको तथ्याङ्क अनुसार १२९जना गर्भवती महिलाले घरमै प्रसुति गराएको देखिन्छ। यसले संस्थागत प्रसुतिको पहुँच विस्तार गर्नु पर्ने अवस्था छ। गाउँपालिकामा २० वर्ष भन्दा कम उमेरमा गर्भधारण हुने अवस्थालाई हेर्दा ३७ जना अर्थात ४०.२१ जनाले बालविवाह गरेको देखिन्छ। बालविवाह हुनुमा शिक्षा तथा जनचेतनाको कमी, सामाजिक–सांस्कृतिक मान्यता तथा आर्थिक अवस्थाले घरमै प्रसुति गर्ने प्रवृत्ति अझै रहेको देखिन्छ। यो अवस्थाले आमा र नवजात शिशुको स्वास्थ्यमा जोखिम बढाउने भएकोले सुरक्षित मातृत्व सेवाको प्रभावकारी कार्यान्वयन र संस्थागत प्रसुति गराउन सचेतना अभिवृद्धि गर्न आवश्यकता देखिन्छ। तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः २० घरमा प्रसुति हुनेको संख्या

आर्थिक वर्ष	२० वर्ष मुनि	२० वर्ष माथि
२०७९/०८०	१०	२६
२०८०/०८१	१०	४०
२०८१/०८२	१७	२६
जम्मा	३७	९२

स्रोतः स्वास्थ्य शाखा चौकुने गाउँपालिका, २०८२

स्वास्थ्य शाखाको तथ्याङ्क अनुसार चौकुने गाउँपालिकामा २०७९/०८० देखि २०८२/०८३ सम्म स्वास्थ्य सम्बन्धी सेवा घरमै उपलब्ध गराइने गरिएको छ। यस अवधिमा २० वर्ष मुनिका ३७ जना र २० वर्षभन्दा माथिका ९२ जना गर्भवती महिलाले घरमा प्रसुति भएको तथ्याङ्कले देखाउँछ।

४.१३. कानूनी विवादमा परेका बालबालिका

संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा बालबालिकाले गरेको कसूरजन्य कार्यको कारबाही गर्न नेपाल सरकारले आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने व्यवस्था छ। कानूनी व्यवस्था बमोजिम कानूनी विवादमा परेका बालबालिकाको न्याय सम्पादनसँग सम्बन्धित विभिन्न निकायहरुबिच समन्वय गर्न दफा ४६ बमोजिम सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बालन्याय समिति र दफा ४७ बमोजिम हरेक जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिको व्यवस्था भएको छ। ७३ वटै जिल्लाका जिल्ला अदालतमा बाल इजलास र। काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्लाका क्षेत्रमा पर्ने बाल न्याय सम्बन्धी मुद्धाहरु भक्पुर बाल अदालतबाट बालन्याय सम्बन्धी कार्य सम्पादन भइरहेको छ। बाल बिज्याँइका कारण कानूनको विवादमा परेका बालबालिकालाई अदालतको निर्णयानुसार तोकिएको समयावधिका बाल सुधार गृहमा राख्ने गरिएकोछ। स्थानीय प्रहरीको तथ्याङ्क अनुसार हालसम्म चौकुने गाउँपालिका आर्थिक वर्ष २०८०/८१ मा १ जना बालबालिका बालविज्याईंमा संलग्न भएको देखिन्छ।

४.१४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा वैकल्पिक स्याहार

चौकुने गाउँपालिकाको आर्थिक सहयोगमा श्री शिद्धेश्वरी बालगृह सञ्चालन गरेको छ। गाउँपालिकाले वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकाहरुलाई संरक्षण व्यवस्थापनको लागि राष्ट्रिय बाल अधिकार परिषदबाट अनुमिति प्राप्त बाल गृहलाई वार्षिकरुपमा बालबालिकाको संख्याको आधारमा वजेट विनियोजन गरी बालबालिकाको संरक्षण व्यवस्थापन गरेको छ। जसमा ११ जना बालक र ५ जना बालिका गरी जम्म १६ जना बालबालिका संरक्षणमा रहेका छन्।

४.१५. अनाथ बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ। नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार पनि आमाबाबु दुवैविहीन एवम् आमाबाबु दुवै वा कुनै एक जीवित हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका परिवारका बालबालिकालाई राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी रहने

स्पष्ट देखिन्छ। चौकुने गाउँपालिकाले अनाथ बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ।

४.१६. बालबालिकाको बसाइको अवस्था

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा बाबु आमा तथा अभिभावकले बालबालिकाको उचित स्याहार गर्न असमर्थ भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ ले दफा ४८ मा उल्लेख भएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये (क) देखि (छ) सम्मका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालभरिका कूल ९८,६९,५८३ बालबालिकामध्ये सबैभन्दा धेरै ७७.९ प्रतिशत बालबालिका आमाबाबु दुबैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने १७.१ प्रतिशत, बाबुसँग मात्र बस्ने एक प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३ प्रतिशत रहेको देखिएको छ।

चौकुने गाउँपालिकाको मात्र बालबालिकाको बसाइको अवस्था हेर्ने हो भने कूल ८२२२ जना बालबालिकामध्ये ८७।२५ प्रतिशत बालबालिका आमाबाबु दुबैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने ६.४४ प्रतिशत, बाबुसँग मात्र बस्ने ०.९४ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ४.७४ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना अनुसारको बालबालिकाको बसाइको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिकाः २१ बालबालिकाको बसाइको अवस्था

बसाइको अवस्था	जम्मा
आमाबाबु दुवैसँग	७१७४
आमासँग मात्रै	५३०
बुवासँग मात्रै	७८
बुवा र सौतेनी आमासँग	३३
आमा र सौतेनी बुवासँग	३
अन्य नातेदारसँग	३९०
रोजगारदातासँग	०
अन्य	७
उल्लेख नभएको	७
जम्मा बालबालिका संख्या	**८२२२**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ ले अनाथ बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका र वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको रुपमा परिभाषित गरेको छ। सोही ऐनको दफा ४९ ले बालबालिकाको बैकल्पिक हेरचाहको लागि पहिलो प्राथमिकतामा आमा वा बाबु तर्फका नातेदार,

दोस्रोमा बालबालिकालाई संरक्षण गर्ने इच्छुक परिवार वा व्यक्ति, तेस्रोमा परिवारमा आधारित हेरचाह गर्ने संस्था र अन्तिम विकल्पको रुपमा बालगृहको व्यवस्था गरेको छ। माथिको तालिकाबाट देखिएका आफन्तको संरक्षणमा रहेका वा अन्यको संरक्षणमा रहेको ३९७ जना बालबालिकालाई बैकल्पिक हेरचाहको औपचारिक प्रणालीमार्फत सम्बोधन गर्नु आवश्यक रहेको देखिन्छ।

४.१७. घरमुली बालबालिका

चौकुने गाउँपालिका अनाथ एवम् अभिभावक नभएका कारण बालबालिका आफै घरमुली भइ जिवनयापन गर्नुपरेको अवस्था देखिदैन। राष्ट्रिय जनगणना, २०७८ अनुसार पालिकामा बालबालिका आफै घरमुली भएकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिकाः २२ चौकुने गाउँपालिकामा घरमुली बालबालिको अवस्था

क्र सं	उमेर समूह	बालक	बालिका	जम्मा
१	१० देखि १४ वर्ष उमेर	१०	८	१८
२	१५ देखि १९ वर्ष उमेर समूह	५३	३०	८३
	जम्मा	६३	३८	१०१

स्रोतः राष्ट्रिय जनगणना, २०७८

१०–१४ वर्ष उमेर समूहमा कुल १८ जना बालबालिका छन्, जसमा १० जना बालक र ८ जना बालिका छन्। यसले साना उमेर समूहमा लिंग अनुपात तुलनात्मक रूपमा सन्तुलित रहेको देखाउँछ।

१५–१९ वर्ष उमेर समूहमा कुल ८३ जना बालबालिका छन्, जसमा ५३ जना बालक र ३० जना बालिका रहेका छन्। यस समूहमा बालकको संख्या बालिकाभन्दा धेरै छ।

समग्रमा, १०–१९ वर्ष उमेर समूहमा कुल १०१ जना बालबालिका छन्, जसमा ६३ जना बालक र ३८ जना बालिका छन्। यसले देखाउँछ कि किशोरावस्थामा पनि बालकको संख्या बालिकाभन्दा बढी रहेको छ, जसले लिंग सन्तुलन र लक्षित कार्यक्रम सञ्चालनमा ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

४.१८. पारिवारिक सहायता र सामाजिक सुरक्षा

राज्यबाट संरक्षण सहयोग पाउनुपर्ने नागरिकहरूका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्थाका लागि संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमिक व्यवस्था रहेको छ। नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था छ। सामाजिक सुरक्षा कार्यक्रमका लागि विशिष्टीकृत ऐनको रुपमा सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४)मा अपाङ्गता भएका, द्वन्द्वपीडितको, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई विशेष संरक्षणको व्यवस्था छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ मा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको व्यवस्था छ।

चौकुने गाउँपालिकामा सामाजिक सुरक्षाबाट ८७५ जना बालबालिका लाभान्वित भएका छन्। अपाङ्गता भएका बालबालिकाको सामाजिक सुरक्षा तथा पालपोषण भत्ताबाट लाभान्वित बालबालिकाको आर्थिक वर्ष २०८१/८२ को संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिकाः २३ सामाजिक सुरक्षाबाट लाभान्वित बालबालिकाको संख्या

समूह	मासिक रु	लाभान्वित संख्या
पूर्ण अशक्त अपाङ्गता	३९९०	३०
अति अशक्त अपाङ्गता	२१२८	४२
लोपोन्मुख जातजाति	५०००	३३
बालपोषण भत्ता	५००	८०३
	जम्मा बालबालिका संख्या	८७५

स्रोतः पञ्जिकरण शाखा, २०८२

विभिन्न सामाजिक समूहका लागि प्रदान गरिने मासिक रकम र लाभान्वित व्यक्तिहरूको संख्या फरक–फरक छ। पूर्ण अशक्त अपाङ्गता भएका ३० व्यक्तिले मासिक रु ३९९० पाउँछन् भने अति अशक्त अपाङ्गता भएका ४२ व्यक्तिले मासिक रु २१२८ पाउँछन्। लोपोन्मुख जातजातिका लागि मासिक रु ५००० तोकिएको छ तर लाभान्वित संख्या खुलाइएको छैन। बालपोषण भत्ता ५०० मा ८०३ बालबालिका लाभान्वित छन्। कुल बालबालिकाको संख्या ८७५ रहेको छ, जसमा बालपोषण भत्ताबाट ८०३ बालबालिका समेटिएका छन् र बाँकी अनाथ बालबालिकाको विवरण स्पष्ट छैन। यस तथ्याङ्कले सामाजिक सुरक्षा कार्यक्रमहरूमा विभिन्न समूहको पहुँच र लाभान्वित हुने संख्या बीचको भिन्नता देखाउँछ।

४.१९. बालपोषण भत्ताबाट लाभान्वित बालबालिका

बाल पोषण भत्ता नेपालको एक महत्वपूर्ण सामाजिक सुरक्षा कार्यक्रम हो, जसको उद्देश्य कमजोर आर्थिक स्थितिमा रहेका परिवारका बालबालिकाको आधारभूत आवश्यकताहरू पूरा गर्नु हो। यस भत्ताले बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र समग्र विकासमा योगदान पुऱ्याउँछ। विशेषगरी ०–५ वर्षका बालबालिकालाई लक्षित गर्दै मासिक रूपमा निश्चित रकम प्रदान गरिन्छ, जसले अभिभावकलाई खानपिन, औषधि र शिक्षासम्बन्धी खर्चमा सहयोग गर्छ। बाल पोषण भत्ता मार्फत बालबालिकाको स्वास्थ्य स्थिति सुधार्न, कुपोषण घटाउन र बालअधिकारको संरक्षण सुनिश्चित गर्न सकिन्छ। यस कार्यक्रमले समाजमा बालबालिकाको जीवनस्तर उकास्ने र समान अवसरको सुनिश्चितता गर्ने महत्व पनि राख्छ।

तालिकाः २४ बाल पोषण भत्ताबाट लाभान्वित बालबालिकाको संख्या, २०८२

वडा नं	बालक	बालिका	जम्मा
वडा नं १	२४	१९	४३
वडा नं २	७९	६४	१४३
वडा नं ३	१८	१७	३५
वडा नं ४	२९	२३	५२
वडा नं ५	५५	५५	११०
वडा नं ६	६०	३९	९९
वडा नं ७	३२	३१	६३
वडा नं ८	९२	९१	१८३

वडा नं	बालक	बालिका	जम्मा
वडा नं ९	४४	५५	९९
वडा नं १०	८८	७१	१५९
जम्मा	५२१	४६५	९८६

स्रोतः पञ्जिकरण शाखा, २०८२

वडागत रूपमा सबैभन्दा बढी बालबालिका वडा नं ८ मा १८३ जना (बालक ९२, बालिका ९१) रहेका छन्, जहाँ बालक–बालिकाको संख्या लगभग बराबर छ। दोस्रो बढी वडा नं १० मा १५९ जना र वडा नं २ मा १४३ जना बालबालिका रहेका छन्। वडा नं ५ मा बालक र बालिकाको संख्या बराबर (५५–५५) रहेको देखिन्छ। वडा नं ९ मा भने बालिकाको संख्या (५५) बालक (४४) भन्दा बढी छ। समग्रमा हेर्दा वडा नं २, ८ र १० मा बालबालिकाको संख्या बढी देखिएकाले ती वडाहरूमा बाल संरक्षण, शिक्षा र सहभागिता सम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

४.२०. सामाजिक सुरक्षा योजनाः बालिका बिशेष सहयोग कार्यक्रम

यो कार्यक्रम विशेष संरक्षणको आवश्यकता भएका बालिकालाई लक्षित गरिएको छादलित, जनजाती, विपन्न, अपाङ्गता भएका र अति सिमान्तकृत बालिकाहरुको संरक्षण गर्नका यस पालिकाले बालिका सामाजिक सुरक्षा कार्यक्रम लागू गरेको छ। बालिकाको वचत बानीको प्रोत्साहन गर्न, २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई रोक्ने अभियानमा सहयोग गर्न एवम् आत्मविश्वासमा वृद्धी गरि उनीहरुको भित्र रहेको संभावनालाई उजागर गर्दै न्यायपुर्ण समाजको निर्माण गर्ने उद्देश्यले पालिकामा जोखिममा परेका बालिकाको छनौट गरी प्रत्येक बालिकालाई एकमुष्ट रु ३०,००० आर्थिक सहायता बैंक खातामा उपलब्ध गराइएको छ। शुरुवाती चरणमा चौकुने गाँउपालिका र शसक्त महिला समृद्ध नेपाल कार्यक्रमको साझेदारीमा यो कार्यक्रमको शुरुवात गरिएको छ।

तालिकाः २५ आमा बाबु दुवै नभएका वा एक नभएका बालिकाको लागि सहयोग कार्यक्रम

वडा नं	बालिकाको संख्या	सामाजिक सुरक्षा रकम
१	३	९००००
२	१	३००००
३	३	९००००
४	१८	५४००००
५	७	२१००००
६	४	१२००००
७	८	२४००००
८	५	१५००००
९	१	३००००
१०	६	१८००००
जम्मा	५६	१६८००००

यस कार्यक्रमबाट १० वटै वडामा कुल ५६ बालिकाहरू लाभान्वित भएका छन्। सबैभन्दा बढी वडा नं ४ मा १८ बालिकालाई सामाजिक सुरक्षामा आवद्ध गरिएको छ भने भने वडा नं. ९ र २ मा केवल १ बालिकालाई मात्र आवद्ध गरिएको छ। विशेष गरी बालगृहमा रहेका बालबालिकाहरू समेतलाइ उक्त कार्यक्रमबाट सेवा उपलब्ध गराइएको छ।

परिच्छेद–५
बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकार

५.१. पचिचय

चौकुने गाउँपालिका बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकारको कार्यान्वयनको स्थितिको बारेमा चर्चा गरिएको छ। संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको धारा २८ को व्यवस्था अनुसार नेपालमा बालबालिकाको शिक्षाको अधिकार, अनिवार्य र निःशुल्क शिक्षा, बालबालिकाको साधारण र व्यवसायिक शिक्षा तथा माध्यमिक शिक्षा लगायतका व्यवस्थाहरूका कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको छ। यसैगरी दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ मा व्यवस्था भएको सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चितताको अवस्था, निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता, प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा पहुँच, शिक्षामा लैङ्गिक समानताको अवस्था लगायतका विषयहरूको अवस्था चित्रण गरिएको छ।

संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी तथा दिगो विकास लक्ष्यमा उल्लेख भएका व्यवस्थाको सम्बन्धमा चौकुने गाउँपालिका भित्र प्रारम्भिक बाल विकास केन्द्रमा रहेका बालबालिका, विद्यालय संख्या, शिक्षक तथा विद्यार्थी संख्या तथा अनुपात, प्राथमिक, माध्यामिक तहमा बालबालिकाको भर्नादर, विद्यालय शिक्षामा समावेशिता, टिकाउदर, विषेश विद्यालयमा अध्ययनरत बालबालिका र अनौपचारिक शिक्षा प्रणालीमा संलग्न बालबालिका सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

५.२. प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका

चौकुने गाउँपालिका विगत तीन शैक्षिक सत्रमा (२०८२) बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरुको कूल संख्या ५५ रहेको छ। शैक्षिक सत्र २०८२ मा विद्यालयमा आधारित ५५ वटा रहेका छन्। शैक्षिक सत्र २०८० देखि २०८२ सम्म तीन वर्षको समुदायमा आधारित र संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः २६ प्रारम्भिक बाल विकास केन्द्रमा बालबालिकाको संख्या र लैङ्गिक अनुपात

शैक्षिक सत्र	विद्यार्थि संख्या
२०८०	६४१
२०८१	६५९
२०८२	६२२

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

बाल विकास केन्द्रमा भर्नादरको लैंगिक अनुपात बराबरी देखिएता पनि संख्यात्मक हिसावले बालकको संख्या केही बढी रहेको छ। बालविकास केन्द्रमा उमेर पुगेका बालबालिका प्रायः भर्ना भैरहेको यसको लैंगिक अनुपात पछिल्लो वर्षमा बालकको संख्यामा बृद्धि रहेको पाइएको छ। शैक्षिक सत्र २०८० देखि २०८२ सालसम्मको दलित र जनजाति र अपाङ्गता भएका समूहका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ।

तालिकाः २७ प्रारम्भिक बालविकास केन्द्रमा समावेशी आधारमा बालबालिकाको संख्या

शैक्षिक सत्र	दलित बालबालिका	जनजाती बालबालिका	अपाङ्गता भएका बालबालिका
२०८०	४८६	१५५	७
२०८१	५०६	१५३	६
२०८२	४७७	१४५	२

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

शैक्षिक सत्र २०८० मा दलित बालबालिकाको संख्या ४८६, जनजाती १५५ र अपाङ्गता भएका ७ जना रहेका थिए। २०८१ मा दलित बालबालिकाको संख्या बढेर ५०६ पुगेको देखिन्छ भने जनजाती बालबालिकाको संख्या १५३ मा झरेको छ। अपाङ्गता भएका बालबालिका ६ जना रहेका छन्। २०८२ मा भने दलित बालबालिकाको संख्या घटेर ४७७ पुगेको छ, जनजाती बालबालिका पनि घटेर १४५ भएका छन् र अपाङ्गता भएका बालबालिकाको संख्या घट्दोक्रममा रहेको अवस्था २ जना मात्र देखिन्छ।

समग्रमा हेर्दा दलित बालबालिकाको संख्या २०८१ मा वृद्धि भए पनि २०८२ मा पुनः घटेको छ। जनजाती बालबालिकाको संख्या भने लगातार तीनै सत्रमा क्रमशः घट्दो क्रममा देखिन्छ। अपाङ्गता भएका बालबालिकाको संख्या प्रत्येक सत्रमा निरन्तर घटिरहेको देखिनु चिन्ताजनक पक्ष हो, जसले उनीहरूको पहुँच, समावेशिता वा तथ्यांक संकलन प्रक्रियामा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

तालिका : २८ विकास केन्द्र र शिक्षिकाहरूको विवरण

क्र.स.	विद्यालयको नाम	बाल विकास शिक्षकको नाम
१	जीबनज्योति मा.वि.गुटु, चौकुने ६ सुर्खेत	शारदा बि.सी
२	जीबनज्योति मा.वि.गुटु,चौकुने ६ सुर्खेत	इन्द्रा बि.सी.
३	ने.रा.प्रा.वि. वसन्ति घाटगाउँ, चौकुने ९ सुर्खेत	कौशिला शाही
४	ने.रा.प्रा.वि. वसन्ति घाटगाउँ, चौकुने ९ सुर्खेत	पम्फा देवी बुढा
५	पिपलचौतारी पा्र.वि.खोप्रि, चौकुने ६ सुर्खेत	गरीमा सिजाली
६	ने.रा. आधारभूत वि. भट्टेसेरा, चौकुने ८ सुर्खेत	मनमति माझी
७	ने.रा. आधारभूत वि. भट्टेसेरा, चौकुने ८ सुर्खेत	ओमा माझी
८	ने.रा.प्रा.वि. मणिपुर, चौकुने ९ सुर्खेत	कमला कुमारी आले मगर
९	ने.रा.प्रा.वि. मणिपुर, चौकुने ९ सुर्खेत	पानसरा बुढाथोकी
१०	नवदुर्गा प्रा.वि. खारगाडी, चौकुने ३ सुर्खेत	लक्ष्मी कुमारी राना
११	देवस्थान मा.वि. कुमाला, चौकुने १० सुर्खेत	धुर्वा कुमारी शाही
१२	ने.रा।आ.वि. साल्मधारापानी, चौकुने ६ सुर्खेत	कृष्णा तिमिल्सैना
१३	महाकाली आ.वि. वोला, चौकुने २ सुर्खेत	शारदा धामी
१४	महाकाली आ.वि. वोला, चौकुने २ सुर्खेत	टुल्की कुमारी बोहरा

क्र.स.	विद्यालयको नाम	बाल विकास शिक्षकको नाम
१५	जगन्नाथ मा.वि. विजौरा, चौकुने ४ सुर्खेत	पुष्पा कुमारी नेपाली
१६	ने.रा.मा.वि. धनरास, चौकुन १ सुर्खेत	यामसरा बडाइला
१७	जनजागृत मा.वि. तोस्रा, चौकुने ५ सुर्खेत	कमला शर्मा
१८	ने.रा.प्रा.वि. वाझविसौना, चौकुने ३ सुर्खेत	दीपा कुमारी थापा मगर
१९	ने.रा.प्रा.वि. लगाम, चौकुने २ सुर्खेत	जगा सावद
२०	ने.रा.प्रा.वि.काप्रीकांडा, चौकुने १ सुर्खेत	धना कुमारी बि.क.
२१	ने.रा.प्रा.वि. छिनिडगैरा पोखरे, चौकुने १ सुर्खेत	सुनिता देवि सिजाली मगर
२२	सरस्वती प्रा.वि. केवडी, चौकुने १० सुर्खेत	हिना कुमारी सुनार
२३	जनकल्याण प्रा.वि. थारमारेसेन रेक्चा, चौकुने ५	तुलसी बारघरे (बुढा)
२४	ने.रा.मा.वि. बेतान, चौकुने ३ सुर्खेत	रत्ना कुमारी राना
२५	सरस्वती प्रा.वि. मायाताल, चौकुने ५ सुर्खेत	मैमीसरा खड्का
२६	सरस्वती प्रा.वि. मायाताल, चौकुने ५ सुर्खेत	ललिता बि.क.
२७	सिदेश्वरी मा.वि. सान्नेघारी, चौकुने ७ सुर्खेत	अम्मीसरा सीम्सेली
२८	कालिका प्रा.वि. कालिकास्थान, चौकुने १० सुर्खेत	मीना कुमारी बि.क.
२९	बिरगौंडा मा.वि. पालबजार, चौकुने ९ सुर्खेत	विष्णा माझी
३०	सरस्वती मा.वि. घाटगांउ, चौकुने १० सुर्खेत	मीना कुमारी उपाध्याय
३१	मालिका आ.वि. ज्युनारीताल, चौकुने ७ सुर्खेत	बेद कुमारी जि.सी
३२	मालिका आ.वि. ज्युनारीताल, चौकुने ७ सुर्खेत	कोकिला शाही
३३	ज्ञानोदय प्राविघाटगाउँ, चौकुने ९ सुर्खेत	कमला जैसी
३४	ने.रा.मा.वि. सोभानचौर, चौकुने ३ सुर्खेत	धोवीसरा राना मगर
३५	ने.रा.आ.वि. भुडेभावर, चौकुने ४ सुर्खेत	निर्मला कुमारी जैसी
३६	ने.रा.आ.वि. पुच्माभेडिचौर, चौकुने ४ सुर्खेत	पवित्रा सारु मगर
३७	सुर्दशन प्रा.वि. वडासैन, चौकुने १ सुर्खेत	सरुमाया पुन मगर
३८	शिशु शिक्षा आ.वि. जुम्लयाहामुल, चौकुने ७	पूर्णा बि.सी.
३९	ने.रा.आ.वि. मोतिसेरा, चौकुने ८ सुर्खेत	कमला जोशी
४०	ने.रा.आ.वि. मोतिसेरा, चौकुने ८ सुर्खेत	गीता सापकोटा
४१	लालिगुराँस प्राविरानागैरा, चौकुने ५ सुर्खेत	सुनिता चौधरी (गाहा)
४२	लालिगुराँस प्रा.वि. रानागैरा, चौकुने ५ सुर्खेत	उर्मिला जैसी
४३	ने.रा. आधारभूत वि. भट्टेसेरा, चौकुने ८ सुर्खेत	कृष्णा सुनार
४४	श्री ने.रा.प्रा.वि. कोइरालवास, चौकुने ०६ सुर्खेत	अमृता पुलामी मगर

क्र.स.	विद्यालयको नाम	बाल विकास शिक्षकको नाम
४५	श्री शान्तिदिप प्रा.वि. किथौरे, चौकुने ०८ सुर्खेत	चन्द्रा जोशी
४६	श्री सरस्वती मा.वि. घाटगाउँ, चौकुने १० सुर्खेत (अमलटाकुरा)	बबिता शाही
४७	श्री ने.रा. माविबेतान, चौकुने ३ सुर्खेत (धौलेकाडा)	मुमु थापा मगर
४८	श्री ने.रा.प्रा.वि. सातसल्ली, चौकुने ३	शुशिला राना बाठा मगर
४९	श्री ने.रा.आ.वि. धामीसेन, चौकुने १	सरिता कठायत गौतम
५०	श्री सिर्जनशील प्रा.वि. सांता, चौकूने	दिक्षा थापा मगर
५१	श्री सरस्वती प्रा.वि. सुन्दरपुर धमु, चौकुने २	पद्मा हमाल
५२	श्री कालिका प्रा.वि. कालिकास्थान, चौकूने १०	हिमकला कुमारी जैसी
५३	श्री मालिका आधारभूत वि. ज्युनारीताल , चौकूने ७	मनिशा कुमारी देवकोटा
५४	श्री शिशु आधारभूत वि. जुम्लयाहामुल गुटु , चौकुने ७	धनसरी कुमारी थापा
५५	ने.रा.आ.वि. पुच्माभेडिचौर, चौकुने ४ सुर्खेत	देवी कुमारी बि.सी.

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

५.३. विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादर

विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादर शिक्षा प्रणालीको आधारभूत अङ्ग हुन्। विद्यालयले शिक्षण, सीप विकास र सामाजिक मूल्यहरूको माध्यम प्रदान गर्छ। विद्यार्थी विद्यालयको मुख्य भाग हो, जसले ज्ञान, सीप र अनुशासन सिक्छ। शिक्षक शिक्षण प्रक्रिया संचालन गर्ने प्रमुख व्यक्ति हुन्, जसले विद्यार्थीलाई मार्गदर्शन, प्रोत्साहन र मूल्य शिक्षा दिन्छ। भर्नादरले विद्यालयमा विद्यार्थीको संख्या, शिक्षण गुणस्तर र स्रोत व्यवस्थापनलाई असर पार्छ। उच्च भर्नादर भएका विद्यालयमा कक्षा व्यवस्थापन चुनौतीपूर्ण हुन सक्छ, जबकि कम भर्नादरले व्यक्तिगत ध्यान दिन सहज बनाउँछ। यी चारवटै घटक मिलेर गुणस्तरीय शिक्षा सुनिश्चित गर्छन्।

तालिका २९ : तह अनुसार विद्यालय संख्या

विद्यालय तह	सामुदायीक	संस्थागत	धार्मिक	जम्मा
आधारभूत तह (कक्षा १-८)	४८	१	०	४९
माध्यामिक तह (कक्षा ९-१२)	११	०	०	११
जम्मा	४८	१	०	४९

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

दिइएको तथ्याङ्क अनुसार, आधारभूत तह (कक्षा १–८) मा कुल ४९ विद्यालय छन्, जसमा ४८ वटा सामुदायीक विद्यालय र १ वटा संस्थागत विद्यालय रहेक छ। धार्मिक विद्यालय यस तहमा छैनन्।

माध्यमिक तह (कक्षा ९–१२) मा कुल ११ विद्यालय रहेका छन्, जसमा सबै सामुदायीक विद्यालय हुन् र संस्थागत वा धार्मिक विद्यालय गाउँपालिकामा छैनन्।

समग्र विश्लेषण गर्दा, यस क्षेत्रमा विद्यालयहरूको ठूलो भाग सामुदायीक छन् र संस्थागत वा धार्मिक विद्यालयहरूको संख्या अत्यन्त कम छ। आधारभूत तहमा मात्र एउटा संस्थागत विद्यालय रहेको छ भने माध्यमिक तहमा सबै विद्यालय सामुदायीक छन्। यसले शिक्षा पहुँचमा सामुदायीक विद्यालयहरूको प्रमुख भूमिका रहेको देखाउँछ।

तालिका : ३० शैक्षिक वर्ष २०८२ मा तहगत रुपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको संख्या
बाल विकास केन्द्र-५ कक्षा

कक्षा	छात्रा	छात्र	जम्मा
बाल विकास केन्द्र	५३४	५८२	१११६
कक्षा १	४५१	४३४	८८५
कक्षा २	३३३	३१०	६४३
कक्षा ३	३२९	३६०	६८९
कक्षा ४	३२६	३११	६३७
कक्षा ५	३३७	३०८	६४५
बा.वि.के.देखि कक्षा ५ सम्म	**२३१०**	**२३०५**	४६१५

बाल विकास केन्द्र देखि कक्षा ५ सम्मको तथ्याङ्क हेर्दा कुल ४,६१५ विद्यार्थीमध्ये २,३१० छात्रा र २,३०५ छात्र रहेका छन्, जसले लैङ्गिक सन्तुलन प्रायः बराबरीमा रहेको देखाउँछ। बाल विकास केन्द्रमा सबैभन्दा बढी विद्यार्थी संख्या १,११६ जना रहेको छ, जहाँ छात्राको संख्या छात्रभन्दा केही कम छ। कक्षा १ देखि ५ सम्म क्रमशः कक्षा अनुसार विद्यार्थी संख्या घट्दै-बढ्दै गएको देखिन्छ। अधिकांश कक्षामा छात्रा र छात्रको संख्या नजिक-नजिक रहेको हुँदा आधारभूत तहमा समान पहुँच र सहभागिता कायम रहेको तथ्याङ्कले देखाउँछ।

तालिका : ३१ शैक्षिक वर्ष २०८२ मा तहगत रुपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण
६-८ कक्षा सम्म

कक्षा	छात्रा	छात्र	जम्मा
कक्षा ६	३१५	२६४	५७९
कक्षा ७	२६०	२५९	५१९
कक्षा ८	३०५	२९१	५९६
आधारभूत तह ६-८	८८०	८१४	१६९४

स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, २०८२

कक्षा ६-८ को तथ्याङ्क विश्लेषण गर्दा जम्मा १,६९४ जना विद्यार्थीरहेका छन्, जसमा ८८० जना छात्रा (करिब ५२%) र ८१४ जना छात्र (करिब ४८%) छन्। कक्षा ६ मा ५७९ विद्यार्थीका साथ सबैभन्दा बढी भर्ना देखिन्छ, जहाँ छात्राको संख्या छात्रभन्दा बढी छ। कक्षा ७ मा छात्रा २६० जना र छात्र २५९जना संख्या लगभग बराबर छ, जसले लैङ्गिक सन्तुलन राम्रो रहेको देखाउँछ। कक्षा ८ मा पनि छात्रा ३०५ संख्या छात्र २९१ जना भन्दा अलि बढी छ। समग्रमा, आधारभूत तह ६-८ माछात्राको सहभागिता छात्रभन्दा केही बढी देखिनु सकारात्मक हो।

तालिका : ३२ शैक्षिक वर्ष २०८२ मा तहगत रुपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण ९–१० कक्षा सम्म

कक्षा	छात्रा	छात्र	जम्मा
कक्षा ९	२६३	२१०	४७३
कक्षा १०	१९९	१८०	३७९
माध्यमिक तह ९-१०	४६२	३९०	८५२

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

उपलब्ध तथ्याङ्क अनुसार कक्षा ९ मा जम्मा ४७३ विद्यार्थीमध्ये २६३ छात्रा र २१० छात्र छन्, जसमा छात्राको संख्या छात्रभन्दा बढी देखिन्छ। कक्षा १० मा जम्मा ३७९ विद्यार्थी रहेका छन्, जसमा १९९ छात्रा र १८० छात्र छन्। समग्रमा माध्यमिक तह (कक्षा ९–१०) मा ८५२ विद्यार्थी अध्ययनरत छन्, जसमा ४६२ छात्रा र ३९० छात्र रहेका छन्। यसले माध्यमिक तहमा छात्राको सहभागिता छात्रको तुलनामा केही उच्च रहेको देखिन्छ।

तालिका ३३ : विद्यालय शिक्षामा विद्यार्थी संख्या

विद्यालय तह	बालक	बालिका	जम्मा	बालक/बालिका अनुपात
आधारभूत तह (कक्षा १-८)	२५३७	२६५६	५१९३	०.९६
माध्यामिक तह (कक्षा ९-१२)	५०६	५४५	१०५१	०.९३
कूल जम्मा	३०४३	३२०१	६२४४	०.९५

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

दिइएको तथ्याङ्क अनुसार आधारभूत र माध्यमिक दुवै तहमा बालिकाको संख्या बालकभन्दा बढी देखिन्छ। आधारभूत तहमा ५,१९३ विद्यार्थी रहेका छन् र बालक/बालिका अनुपात ०.९६ छ। माध्यमिक तहमा १,०५१ विद्यार्थी छन् र अनुपात ०.९३ रहेको छ। समग्रमा ६,२४४ विद्यार्थीमध्ये बालक/बालिका अनुपात ०.९५ हुनु विद्यालय तहमा लैङ्गिक सन्तुलन राम्रो अवस्थामा रहेको देखाउँछ।

तालिकाः ३४ शैक्षिक वर्ष २०८२मा तहगत रुपमा विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण ११–१२ कक्षा सम्म

कक्षा	छात्रा	छात्र	जम्मा
कक्षा ११	४७	४८	९५
कक्षा १२	३६	६८	१०४
माध्यमिक तह ११-१२	८३	११६	१९९
बा.वि.के.देखि १२ सम्मको जम्मा विद्यार्थी संख्या	३७३५	३६२५	७३६०

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

कक्षा ११ मा ९५ जना विद्यार्थीमध्ये छात्रा ४७ र छात्र ४८ रहेका छन्, जसले लैङ्गिक सन्तुलन लगभग समान रहेको देखाउँछ। कक्षा १२ मा भने कुल १०४ विद्यार्थीमध्ये छात्रा ३६ र छात्र ६८ रहेका छन्, जहाँ छात्रको संख्या तुलनात्मक रूपमा बढी छ। समग्रमा माध्यमिक तह कक्षा ११–१२ मा १९९ विद्यार्थी रहेका छन्, जसमध्ये ८३ छात्रा र ११६ छात्र रहेका छन्। बा.वि.के.देखि कक्षा १२ सम्म कुल ७,३६० विद्यार्थीमध्ये ३,७३५ छात्रा र ३,६२५ छात्र रहेका छन्, जसले समग्र विद्यालय तहमा छात्राको संख्या छात्रभन्दा केही बढी रहेको अवस्था देखाउँछ।

५.४. विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिका

विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागिता अझै असमान छ। यी बालबालिकाले अक्सर आर्थिक, सामाजिक र भौतिक अवरोधका कारण गुणस्तरीय शिक्षा पाउन कठिनाई भोग्छन्। विद्यालय स्तरमा समावेशी वातावरण निर्माण गरी सहायक संरचना र विशेष कार्यक्रम लागू गर्नु आवश्यक छ, जसले सबै बालबालिकालाई समान अवसर प्रदान गर्न सक्छ। चौकुने गाउँपालिकामा जातजातिगत रूपमा बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३५ : विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको संख्या

विद्यालय तह	दलित	जनजाति	अपाङ्गता भएका
आधारभूत तह (कक्षा १-५)	१६६२	४८५	४२
आधारभूत तह (कक्षा ६-८)	६९१	३०८	२४
माध्यामिक तह (कक्षा ९-१२)	३५१	१९०	४
कूल जम्मा	२७०४	९८३	७०

स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२

विद्यालय तह अनुसार दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको सहभागिता घट्दो प्रवृत्तिमा रहेको देखिन्छ। आधारभूत तह (कक्षा १–५) मा दलित बालबालिका १,६६२, जनजाति ४८५ र अपाङ्गता भएका ४२ जना छन्, जसले प्रारम्भिक तहमा समावेशिता तुलनात्मक रूपमा राम्रो रहेको देखाउँछ। तर कक्षा ६–८ मा दलित ६९१, जनजाति ३०८ र अपाङ्गता भएका २४ जनामा घटेको छ। माध्यमिक तह (कक्षा ९–१२) मा यो संख्या अझ कम हुँदै दलित ३५१, जनजाति १९० र अपाङ्गता भएका ४ जना मात्र बाँकी छन्। कुल जम्मा २,७०४ दलित, ९८३ जनजाति र ७० अपाङ्गता भएका बालबालिका रहेका छन्। यसले स्पष्ट रूपमा देखाउँछ कि कक्षा बढ्दै जाँदा सबै समूहको सहभागिता क्रमशः घट्दो छ, विशेष गरी अपाङ्गता भएका बालबालिकाको संख्या न्यून रहेको छ। यसले उनीहरूको पहुँच र समावेशीतामा चुनौती रहेको सङ्केत गर्दछ र विद्यालयमा निरन्तरताको सुनिश्चितता तथा विशेष सहयोग कार्यक्रमहरू आवश्यक रहेको देखाउँछ।

५.५. सामुदायिक अध्ययन केन्द्र

विद्यालय बाहिर रहेका बालबालिकाको लागि विभिन्न प्रकारका सेवाहरु तथा अध्ययनको अवसरको लागि गैर औपचारिक (Non Formal) शैक्षिक केन्द्रको रुपमा पालिकाले सरोकारवाला निकाय मार्फत पालिकाभित्र समुदायस्तरमा सामुदायिक अध्ययन केन्द्रहरु ३ वटा सञ्चालनमा रहेका छन्। हाल पालिकाभरी कूल ३ वटा सामुदायिक अध्ययन केन्द्रहरु सञ्चालनमा रहेकोमा सवै संघीय सरकारको सहयोगमा सञ्चालनमा रहेका छन्।

परिच्छेद–६
बालबालिकाको सहभागिता, सङ्गठन तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार

६.१.परिचय

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने, दफा ९ मा प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्न पाउने तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुने, दफा १० मा प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लव वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था रहेको छ। यसैगरी, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ मा बालबालिकाले बालक्लब वा संस्था खोल्न सक्ने व्यवस्था छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहमा बालबालिकाको सहभागिता प्रवर्द्धनसँगै सम्बन्धित खेलकुद, बाल उद्यान, बालक्लव तथा बालसञ्जाल सञ्चालन र व्यवस्थापन गर्ने तथा वडालाई बालमैत्री बनाउने जस्ता कार्यहरू उल्लेख भएका छन्। यसैगरी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा बाल भेलाका मागहरू वार्षिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषय समेत समावेश भएको छ। यसैगरी चौकुने गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, बालक्लब गठन तथा परिचालन सम्बन्धी कार्यविधि लगायतका दस्तावेजहरूमा बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गरिएको छ। उल्लेखित पृष्ठभूमिमा संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको बालबालिकाको अभिव्यक्ति स्वतन्त्रताको अधिकार, सङ्गठित हुने स्वतन्त्रता, उपयुक्त सूचनामा पहुँच लगायतका व्यवस्थाको चौकुने गाउँपालिका कार्यान्वयनको अवस्थाको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ।

६.२. स्थानीय तहको योजना तर्जुमामा बाल सहभागिता

गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अनिवार्य सहभागिताको अभ्यास यस गाउँपालिका निरन्तर रुपमा अघि बढिरहेको छ। गाउँपालिकाले बाल भेलाबाट प्राप्त सुझावहरूलाई वार्षिक योजनामा समावेश गर्ने गरिएको छ। चौकुने गाउँपालिका आर्थिक वर्ष २०८१/२०८२ मा भएको बाल भेलाबाट प्राप्त सूझावहरु मध्ये पालिकाले निम्न बमोजिमको सुझावहरू वार्षिक कार्यक्रम मार्फत सम्बोधन गरेको छः

क) बालविवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम जोड गरिनु पर्ने।
ख) बालबालिकाको अर्थपुर्ण सहभागितामा जोड गरिनु पर्ने।
ग) विशेष संरक्षणमा रहेका बालबालिकालाई आवश्यक सहायता हुनु पर्ने।

६.३. बालक्लव र बालक्लव सञ्जाल

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनको लागि बालक्लव वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरिएको छ। बालबालिका सम्बन्धी नियमावली, २०७८ मा बालक्लव वा संस्था खोल्ने तथा स्थानीय तहमा दर्ता गर्ने, नवीकरण गर्ने, खारेज गर्ने, स्थानीय बाल अधिकार समितिले सम्बन्धित स्थानीय तहका बालक्लव वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेको छ।

गाउँपालिका भित्र बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बालबालिका संगठित हुने तथा संस्था खोल्ने अभ्यास गर्ने, बालक्लव तथा सञ्चालकहरु गठन गर्ने तथा बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि क्रियाशील बनाउने कार्यहरु निरन्तर भैरहेको छ। चौकुने गाँउपालिकामा आर्थिक वर्ष २०८१/८२ सम्ममा कूल १० वटै वडाहरुमा र विद्यालयहरुमा बालक्लव, किशोरी क्लब एवम् सञ्चाल दर्ता भई क्रियाशील रहेका छन्। वडास्तरीय बालक्लव तथा किशोरी क्लव सञ्चालनमा २७१ जना बालबालिका तथा किशोरकिशोरी आवद्ध भएका छन् भने विद्यालयमा आधारित बालक्लवहरुमा पनि बालबालिका आवद्ध भइ संगठित भएका छन्। पालिकाभित्र सञ्चालित बालक्लव बालक्लव तथा किशोरी क्लव सञ्चानलको विवरण र संख्या तलको तालिकामा प्रस्तु गरिएको छ।

तालिका ३६: बालक्लव र आवद्ध बालबालिकाको संख्या

क्र.स.	वडा स्तरीय बाल सञ्जाल तथा किशोरी सञ्जाल	बालक्लव सदस्यको विवरण			किशोरी सञ्जालका सदस्य
		बालक	बालिका	जम्मा	
१	चौकुने वडा नं.-१	८	५	१३	१३
२	चौकुने वडा नं.-२	७	६	१३	१५
३	चौकुने वडा नं.-३	७	६	१३	१३
४	चौकुने वडा नं.-४	९	६	१५	१४
५	चौकुने वडा नं.-५	५	८	१३	१३
६	चौकुने वडा नं.-६	६	५	११	१४
७	चौकुने वडा नं.-७	१०	७	१७	१५
८	चौकुने वडा नं.-८	७	६	१३	१७
९	चौकुने वडा नं.-९	८	६	१४	१४
१०	चौकुने वडा नं.-१०	८	५	१३	१३
जम्मा		७५	६०	१३५	१४४

स्रोतः महिला तथा बालबालिका शाखा, २०८२

गाउँपालिकाको १० वटा वडामा गठन भएका वडास्तरीय बाल सञ्जाल (बाल क्लव) अन्तर्गत कुल १३५ जना बालक्लव सदस्य सहभागी रहेका छन्, जसमा ७५ जना बालक र ६० जना बालिका छन्। बालक्लवमा बालिका भन्दा बालकको सहभागिता वढी भएको देखिन्छ। अधिकांश वडामा बाल क्लब सदस्य संख्या १३ देखि १५ को बीचमा रहेको पाइन्छ।

त्यसैगरी, वडास्तरीय किशोरी सञ्जालमा जम्मा १४४ जना किशोरी सदस्य आबद्ध रहेका छन्। वडामा किशोरी सञ्जाल सदस्य संख्या १३ देखि १७ को बीचमा रहेको छ। यसले किशोरीहरूको संगठित सहभागिता, नेतृत्व विकास तथा सशक्तीकरणमा वडास्तरीय किशोरी सञ्जालले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। समग्र रूपमा, चौकुनेका वडाहरूमा बालक्लव र किशोरी सञ्चाल दुवै सक्रिय र प्रभावकारी रूपमा सञ्चालन भइरहेको निष्कर्ष निकाल्न सकिन्छ।

६.४. बालमैत्री स्थानीय शासन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले आ.व. २०८७/८८ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको छ। यसैगरी आ.व. २०८१/८२ सम्ममा १३० वटा नगरपालिका, २०० वटा गाउँपालिका तथा २९५५ वटा वडाहरुलाई बालमैत्री घोषणा गर्ने लक्ष्य राखेको छ। चौकुने गाउँपालिकाले निरन्तर रुपमा बालमैत्री वडा घोषणा गर्नका लागि नीतिगत तथा कार्यक्रमिक तयारी गरिरहेको छ।

६.५. खेलकुद र बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अुनसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरिएको छ। साथै प्रत्येक विद्यालयले नियमित पठनपाठनका अलवा खेलकुदको उचित व्यवस्था मिलाउनु पर्ने कानूनी प्रावधान समेत रहेको छ।

विगतदेखि नै यस चौकुने गाउँपालिकाले विद्यालय स्तर, अन्तर विद्यालयस्तर, वडास्तरका विभिन्न खेलकुद कार्यक्रम सञ्चालन र प्रतियोगिताहरुको आयोजना गरी बालबालिकाको खेलकुदमा सहभागिता अभिवृद्धि गर्दै आएको छ।

परिच्छेद–७
विविध

७.१. बाल संरक्षणका लागि जोखिमता मूल्याङ्कन

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ अनुसारका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गरी जोखिमताको स्तर पहिचान गर्ने उद्देश्यले गाउँपालिकामा ७०५६ जना बालबालिकाको जोखिमता लेखाजोखा तथा मूल्याङ्कन गरिएको छ। गाउँपालिकामा गरिएको जोखिमता मूल्याङ्कनका आधारमा देहायको तालिका बमोजिमको जोखिमता रहेको देखिन्छ:

चित्रः ३ बालबालिकाको जोखिमता लेखाजोखाको अवस्था



स्रोतः चौकुने गाउँपालिका, बालबालिका शाखा २०८२

उपलब्ध तथ्याङ्क अनुसार जम्मा २७१ उत्तरदातामध्ये अधिकांश २५८ जना (करिब ९५%)ले कुनै जोखिम नरहेको बताएका छन्। १० जना (करिब ३.७%)ले जोखिम रहेको बताएका छन्, जुन सानो संख्या भए पनि संवेदनशील अवस्था भएको समूहलाई लक्षित संरक्षण तथा सहयोग आवश्यक रहेको देखिन्छ। साथै, ३ जना (१.१%) ले कुनै जवाफ नदिएको अवस्था छ। समग्रमा, जोखिमको समस्या व्यापक नभए पनि जोखिममा रहेका घरधुरी पहिचान गरी समयमै सहयोग गर्नु आवश्यक देखिन्छ।

चित्र:४ घरधुरीको मुख्य आयस्रोत



स्रोत: चौकुने गाउँपालिका, बालबालिका शाखा २०८२

माथिको तथ्याङ्क अनुसार जम्मा२७१ घरधुरीमध्ये सबैभन्दा धेरै ज्यालादारी/दैनिक मजदुरी (१२३ घरधुरी)मा निर्भर छन्, जसले अस्थायी र अनौपचारिक रोजगारीको अवस्था देखाउँछ। त्यसपछि कृषि (११३ घरधुरी) प्रमुख आयस्रोतका रूपमा रहेको छ। साना व्यवसाय, सरकारी सेवा, पशुपालन र रेमिट्यान्सबाट आय आर्जन गर्ने घरधुरीको संख्या न्यून देखिन्छ। समग्रमा, तथ्याङ्कले कृषि र दैनिक मजदुरीमा उच्च निर्भरता तथा आय स्रोतको विविधीकरण र स्थायी रोजगारी प्रवर्द्धनको आवश्यकता देखाउँछ।

७.२. बाल संरक्षण घटना व्यवस्थान सूचना प्रणालीको प्रयोग

गाउँपालिकामा बाल संरक्षण प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि विभिन्न चरणमा क्रियाकलापहरू सञ्चालन भएका छन्। जसले पालिकाका सबै वडामा समेत बाल अधिकार समितको गठन भइ क्रियाशील भएका छन् भने सिफारिस प्रणालीको समेत कार्यान्वयन भएको छ। यसैको दिगोपना एवम् निरन्तरताका लागि पालिकाले बाल संरक्षण घटना व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली CPIMS को निरन्तर सञ्चालन गरी रहेको छ। चौकुने गाउँपालिकाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार बालबालिकाको हकहित र अधिकारको संरक्षणका लागि CPIMS सञ्चालनको शुरुवात गरेको छ। यस प्रणालीको प्रयोगवाट जोखिममा रहेका बालबालिकाको सहायता प्रक्रियामा सहजता भएको र सिफारिस गरे पश्चात जोखिममा रहेका बालबालिकाले आवश्यकताको आधारमा सहयोग पाउने गरेका छन्। गाउँपालिकामा १५ जना बालबालिकाको विवरण CPIMS मा प्रविष्टि गरिएको छ।

७.३. शसक्त महिला: समृद्ध नेपाल (EWPN) कार्यक्रम र बाल संरक्षण

चौकुने गाउँपालिकाले पालिकामा बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संयुक्त राष्ट्र संघीय निकायहरु, विकासका साझेदार एवम् गैर सरकारी संस्थाहरुसँग सहकार्य गर्दै आइरहेको छ। यसै अनुसार बाल संरक्षण प्रणाली सुदृढकरण एवम् लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका लागि चौकुने गाँउपालिकाले शसक्त महिला:

समृद्ध नेपाल कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यस कार्यक्रमबाट पालिकामा निम्न बमोजिमको बालबालिकाको क्षेत्रमा कार्यसम्पादन गरिएको छ।

तालिका ३७ : शसक्त महिलाः समृद्ध नेपाल कार्यक्रमको उपलब्धी

सहभागिता	उपलब्धि
✓ स्थानीय तहमा बाल संरक्षण तथा घटना व्यवस्थापन सम्बन्धी तालिम	✓ बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधि निर्माण ✓ सबै वडामा र स्थानीय तहमा बाल अधिकार समितिको गठन र क्रियाशिलता अभिवृद्धि ✓ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान र लेखाजोखा गर्न सकिएको ✓ बाल संरक्षण घटना व्यवस्थापन प्रकृया मार्फत सेवा प्रवाहमा सहज भएको ✓ जोखिममा परेका बालबालिकालाई तत्काल र आवश्यक सेवा प्रवाह गर्न सहज भएको
✓ बाल संरक्षण घटना व्यवस्थापना सूचना प्रणाली सञ्चालन सम्बन्धी तालिम	✓ बाल संरक्षण सूचना प्रणालीको सञ्चालन र घटना प्रविष्टि ✓ बाल संरक्षण सम्बन्धी घटनाको डिजिटल अभिलेखीकरणको शुरुवात गरिएको
✓ लैङ्गिक हिंसा रोकथाम तथा न्यूनीकरण सम्बन्धी क्षमता अभिवृद्धि तालिम	✓ पालिकामा लैङ्गिक हिंसा पिडित लक्षित सेवा प्रदायकहरुको पहिचान र सेवाहरुको नक्साङ्कनमा सहयोग पुगेको ✓ लैङ्गिक हिंसा पीडितको घटना व्यवस्थापन प्रकृयामा सहज भएको

परिच्छेद–८
निष्कर्ष

८.१. मुख्य उपलब्धी

चौकुने गाउँपालिका बालबालिकाको हकअधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी विभिन्न नीति, रणनीति लगायतको योजनावद्ध तरिकाले कार्यान्वयनमा लागेको छ। चौकुने गाउँपालिकाले बालबालिकाका सवालहरू केन्द्रित रहि बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। विगतको तुलनामा यस आर्थिक वर्षसम्म आइपुग्दा गाउँपालिकामा सबै वडा तहमा वडा बाल अधिकार समितिको गठन भई परिचालन हुनु, बालक्लबको पुनर्गठन तथा परिचालन हुनु पालिकामा बालबालिका सम्बन्धी ऐन, २०७५ ले तोकेका न्यूनतम बाल संरक्षण यन्त्रहरूको स्थापना तथा परिचालन हुनुले समग्र बाल संरक्षण प्रणालीको स्थापना र क्रियाशीलता अभिवृद्धि भएको छ। यसबाट पालिकामा आउने बाल संरक्षण सम्बन्धी सवालहरू तत्काल सम्बोधन तथा प्रकृयागत सहजीकरण भएको छ।

आर्थिक वर्ष ०७९/०८० देखि ०८०/०८१ सम्म बालबालिकाको संख्या ८०१ बाट बढेर १,०६७ पुगेको छ, जसले करिब ३३ प्रतिशतले पहुँच र समावेशिता विस्तार भएको स्पष्ट देखाउँछ। यद्यपि ०८१/०८२ मा संख्या केही घटे पनि समग्र रूपमा बालबालिका सम्बन्धी कार्यक्रम र सेवाहरूको प्रभाव सकारात्मक देखिन्छ। आधारभूत र माध्यमिक दुवै तहमा बालिकाको संख्या बालकभन्दा बढी रहनु तथा समग्र बालक/बालिका अनुपात ०.९५ हुनु विद्यालय तहमा लैङ्गिक सन्तुलन सन्तोषजनक अवस्थामा रहेको उपलब्धि हो। ECD देखि कक्षा ८ सम्म छात्रा–छात्रको सहभागिता प्रायः बराबरी वा छात्रा बढी हुनु बालिकाको शिक्षा पहुँच र निरन्तरतामा सुधार भएको देखिन्छ।

त्यसैगरी, १० वटै वडामा बाल क्लव र किशोरी सञ्चाकल गठन भई सक्रिय रूपमा सञ्चालन हुनु महत्वपूर्ण उपलब्धि हो, जहाँ बालक–बालिकाको सहभागिता करिब सन्तुलित छ र किशोरीहरूको नेतृत्व विकास तथा सशक्तीकरणमा सकारात्मक योगदान पुगेको छ। सामाजिक सुरक्षा अन्तर्गत बालपोषण भत्ता मार्फत ८०३ बालबालिका लाभान्वित हुनु, जोखिममा परेका बालिकाहरूका लागि लक्षित बजेट र सहयोग कार्यक्रम सञ्चालन हुनु, तथा अपाङ्गता भएका बालबालिकाको अवस्थाबारे तथ्यांक संकलन भई लक्षित कार्यक्रम आवश्यकताको पहिचान हुनु पनि प्रमुख उपलब्धिका रूपमा देखिन्छ। समग्रमा, बाल अधिकार, शिक्षा, सहभागिता र संरक्षणका क्षेत्रमा संरचनागत विकास, समावेशी पहुँच र लैङ्गिक सन्तुलन कायम हुनु यस अवधिका महत्वपूर्ण उपलब्धि हुन्।

चौकुने गाउँपालिकामा मौसमी बसाइ–सराइका कारण बालबालिका जोखिममा परिरहेका छन्। धेरै परिवारहरूले रोजगारको खोजीमा बाबु आमा सँगै बालबालिका पनि भारतमा जान्छन्। जसले गर्दा बालबालिकाको शिक्षा, स्वास्थ्य, सामाजिक विकास र समग्र जीवनस्तरमा नकारात्मक असर पर्छ। उनीहरू विद्यालय छोड्न बाध्य हुन सक्छन् वा स्वास्थ्य सेवामा पहुँच कम हुन सक्छ। साथै, यो क्षेत्रमा छाउपडी जस्ता हानीकारक अभ्यासहरू पनि भइरहेका छन्, जसले बालबालिकाको स्वास्थ्य र सुरक्षामा थप जोखिम ल्याउँछ। यस्ता अभ्यासले बालबालिकाको जीवनमा जोखिम र असुरक्षा बढाएको छ।

८.२. समस्या र चुनौति

चौकुने गाउँपालिकामा बालबालिकाको क्षेत्रमा रहेका मुख्य समस्याहरु देहायबमोजिम रहेका छन्:

- उमेर नपुगी बालविवाह गर्नु,
- संरक्षणको अभाव,
- बाल दुर्व्यवहार,
- विद्यालय छोड्नु,
- लागूपदार्थ दुर्व्यसनीमा संलग्नता,
- जन्मदर्ता प्राप्त गर्न नसक्नु,
- शारीरिक कुपोषणको जोखिममा रहेको,
- बालबालिकालाई बालश्रममा संलग्न गराइनु,
- बालविज्याई तथा असामाजिक कार्यमा संलग्नता,
- बालक र बालिका बिच भेदभाव,
- अभिभावक तथा संरक्षकमा बाल अधिकार सम्बन्धी सचेतना नहुनु,

उल्लिखित सवालहरूमा केन्द्रित रहेरचौकुने गाउँपालिकाले स्थानीय बालअधिकार समितिले कार्यक्रम तय गरी प्रभावकारी रुपमा गतिविधि सञ्चालन गर्ने गरेको र जसबाट बालबालिकाका सवालहरूमा प्रगति भएका छन् । यस गाउँपालिकामा काम गर्दै गर्दा बालबालिकाको क्षेत्रमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्:

- संविधान प्रदत बाल अधिकारको कार्यान्वयन गर्ने,
- बालबालिका सम्बन्धी नीति, ऐन तथा कार्यविधि लगायतका कानुनको कार्यान्वयन गर्ने,
- बालबालिकासंग सम्बन्धित उल्लेखित समस्याहरु न्यूनीकरण गर्ने,
- गठित बाल क्ल्व तथा संगठनलाई सक्रिय बानाइ राख्ने,
- बाल अधिकारको सवालहरु सम्बोधन गर्न लगानी तथा बजेट व्यवस्थापन गर्ने,
- लक्षित वर्ग प्राथमिकतामा राख्ने ।

८.३. आगामी योजना

चौकुने गाउँपालिकालाई बालअधिकार संरक्षण तथा प्रवर्द्धनमा नमुना स्थानीय तहको रुपमा विकास गर्नका लागि गाउँपालिका भित्र हुनुपर्ने सबै बाल संरक्षण संयन्त्रको स्थापना तथा परिचालनमा जोड दिँदै निम्न कार्यहरू अबको प्राथमिकतामा राखिएको छः–

१. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०८० ले व्यवस्था गरे बमोजिम "बालबालिका सम्बन्धी लगानी सहितको पाँच वर्षे राष्ट्रिय नीति कार्यान्वयन कार्ययोजना" निर्माण गरी कार्यान्वयन गर्ने ।

२. पालिकामा बाल विवाह अन्त्यका लागि प्रत्येक विद्यालय, बालबालिकासँग सरोकार राख्ने निजी क्षेत्र, सामाजिक संघसंस्था तथा सार्वजनिक निकायमा बाल संरक्षण मापदण्ड लागू गर्ने ।

३. बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार रोकथाम तथा न्यूनीकरणका लागि अनिवार्य सूचना दिनुपर्ने व्यवस्थाको समुदायस्तरसम्म सचेतना एवम् अभिमुखीकरण गर्ने ।

४. यस प्रतिवेदनले औँल्याएका बाल संरक्षण सम्बन्धी सवालहरूको उचित सम्बोधन तथा रोकथामका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने र स्रोत साधनको सुनिश्चित गर्ने ।

५. स्थानीय तहका जोखिमी अवस्थाबाट उद्धार गरिएका बालबालिकालाई राख्ने अस्थायी संरक्षण सेवाको प्रबन्ध नभएकोले सो को व्यवस्थापन गर्ने।
६. बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्रवर्द्धन गर्दै निःसंस्थाकरण एवम् बाल संरक्षण घटना व्यवस्थापन प्रणाली र सूचना प्रणालीको प्रयोग गर्ने।
७. समग्र चौकुने गाउँपालिकालाई आगामी ५ वर्षभित्र बालमैत्री स्थानीय शासनको योजनामा जोड दिई बालमैत्री पालिका घोषणा गर्ने।
८. माथि उल्लेखित विषयहरू कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोगका लागि संघ तथा प्रदेश सरकार एवम् विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने।

नेपालको संविधान एवं विभिन्न कानूनहरू लगायत संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिले सुनिश्चित गरेका बालबालिकाको अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र परिपालनाका लागि तीनै तहका सरकार, विकास साझेदार एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको भूमिका उत्तिकै महत्वपूर्ण रहेको छ। माथि उल्लेखित योजनाहरु कार्यान्वयनको लागि बालबालिकासंग सम्बन्धित नीति तथा कानूनलाई आधार मानि चौकुने गाउँपालिकाले तहगत सरकार, सरकारी तथा गैरसरकारी संघसंस्था लगायत सबै सरोकारवाला निकायसँग समन्वय, सहकार्य र साझेदारी गर्दै आगामी दिनहरुमा काम गर्नेछ। बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि केही सरोकारवालाहरूको भूमिका अनुसूची–२, ३ र ४ मा राखिएको छ।

अनुसूचीहरु

अनुसूची १ः गाउँपालिका स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरुको विवरण

क्र.स.	नामथर	पद
१	नरबहादुर बान्तोला	उपाध्यक्ष (संयोजक)
२	पूर्णबहादुर वि क	प्र प्र अ सदस्य
३	टकेन्द्रबहादुर बुढा	सदस्य
४	गगन सिंह पाण्डेय	सदस्य
५	कृष्णबहादुर बटाला	सदस्य
६	देवानन्द धमाला	सदस्य
७	दुर्गाबहादुर भण्डारी	सदस्य
८	राधिका विक	सदस्य
९	देविसरा सुनार	सदस्य
१०	मायाकुमारी शाही	सदस्य
११	पार्वती जोशि	सदस्य
१२	लक्ष्मि शाही	सदस्य
१३	शंकर के सी	सदस्य
१४	जमुनाकंडेल	सदस्य
१५	उमेश वि क	सदस्य
१६	मनिषाकुमारी कंडेल	सदस्य सचिव

वडास्तरीय बाल अधिकार समितिका संयोजक र सदस्य

क्र स	नामथर	ठेगाना	पद
१	जिरक बडुवाल	वडा नं१	संयोजक
२	चेतराज गौतम	वडा नं१	सदस्य
३	पूर्णबहादुर बम	वडा नं१	सदस्य
४	अमृता सावद	वडा नं१	सदस्य
५	खिमसरा विक	वडा नं१	सदस्य
६	प्रेम साहु	वडा नं१	सदस्य
७	किरण दयाल	वडा नं१	सदस्य
८	मनिषा वि क	वडा नं१	सदस्य
९	यमसरा बडुवाल	वडा नं१	सदस्य

क्र स	नामथर	ठेगाना	पद
१०	शोम राना मगर	वडा नं१	सदस्य
११	सत्यनारायण यादव	वडा नं१	सदस्य सचिव
१२	मयाराम जैसी	वडा नं २	संयोजक
१३	तिलकबहादुर शाही	वडा नं २	सदस्य
१४	अर्जुनसींह जनाला	वडा नं २	सदस्य
१५	मनिषा वि क	वडा नं २	सदस्य
१६	लालबहादुर थापा मगर	वडा नं २	सदस्य
१७	सारदा धामी	वडा नं २	सदस्य
१८	कल्पना बडुवाल	वडा नं २	सदस्य
१९	प्रेम साहु	वडा नं २	सदस्य
२०	रोसन नेपाली	वडा नं २	सदस्य
२१	रचना बडुवाल	वडा नं २	सदस्य
२२	दिपक बस्नेत	वडा नं २	सदस्य सचिव
२३	गणेश रानामगर	वडा नं ३	संयोजक
२४	कल्पना कामी	वडा नं ३	सदस्य
२५	युद्धबहादुर गाहा मगर	वडा नं ३	सदस्य
२६	धर्मसिंह बुढाक्षेत्री	वडा नं ३	सदस्य
२७	पवित्रा थापा क्षेत्री	वडा नं ३	सदस्य
२८	अस्मिता थापा मगर	वडा नं ३	सदस्य
२९	जिविका घर्ति मगर	वडा नं ३	सदस्य
३०	कविराम बुढा	वडा नं ३	सदस्य
३१	जगत अधिकारी	वडा नं ३	सदस्य
३२	सुरेन्द्रप्रसाद जोसी	वडा नं ३	सदस्य
३३	दिपक बस्नेत	वडा नं ३	सदस्य सचिव
३४	टोपबहादुर बुढा क्षेत्री	वडा नं ४	संयोजक
३५	पंचकली बुढा	वडा नं ४	सदस्य
३६	राधिका विक	वडा नं ४	सदस्य
३७	खगेन्द्रप्रसाद देवकोटा	वडा नं ४	सदस्य
३८	भगवती आचार्य	वडा नं ४	सदस्य
३९	जीवन देवकोटा	वडा नं ४	सदस्य

क्र स	नामथर	ठेगाना	पद
४०	कुशुम बुढाक्षेत्री	वडा नं ४	सदस्य
४१	दिलबहादुर बस्नेत	वडा नं ४	सदस्य
४२	टेकन विसी	वडा नं ४	सदस्य
४३	भूमिका तिवारी देवकोटा	वडा नं ४	सदस्य
४४	हिरा थापा	वडा नं ४	सदस्य सचिव
४५	तलाराम हिस्की मगर	वडा नं ५	संयोजक
४६	कमला वि क	वडा नं ५	सदस्य
४७	मिनसिंह थापा	वडा नं ५	सदस्य
४८	तुल्सी बाह्रघरे	वडा नं ५	सदस्य
४९	टिकाराम खनाल	वडा नं ५	सदस्य
५०	प्रतिक्षा शर्मा	वडा नं ५	सदस्य
५१	खगेन्द्रबहादुर मल्ल	वडा नं ५	सदस्य
५२	अमृता पूलामी आले	वडा नं ५	सदस्य
५३	हंशकला तिवारी	वडा नं ५	सदस्य
५४	दिपेन्द्रप्रसाद शर्मा	वडा नं ५	सदस्य
५५	महेन्द्र ढकाल	वडा नं ५	सदस्य सचिव
५६	गोविन्द थापा	नाम थर	संयोजक
५७	प्रमानसिं मास्की	नाम थर	सदस्य
५८	टेकसरी दर्लामी	नाम थर	सदस्य
५९	ओम बहादुर दर्लामी	नाम थर	सदस्य
६०	बसन्ता उपाध्याय	नाम थर	सदस्य
६१	चन्द्रा ढकाल	नाम थर	सदस्य
६२	वीरेन्द्र वयक	नाम थर	सदस्य
६३	देवी सिजाली	नाम थर	सदस्य
६४	कृष्णबहादुर बटाला	नाम थर	सदस्य
६५	विशाल आउजी	नाम थर	सदस्य
६६	शुसिला भुसाल	नाम थर	सदस्य सचिव
६७	धनिराम धमाला	वडा नं ७	संयोजक
६८	अम्वी वि क	वडा नं ७	सदस्य
६९	मायाराम धमाला	वडा नं ७	सदस्य

क्र स	नामथर	ठेगाना	पद
७०	लक्ष्मी विसी	वडा नं ७	सदस्य
७१	माया थापामगर	वडा नं ७	सदस्य
७२	रवि वि क	वडा नं ७	सदस्य
७३	कृष्णबहादुर बटाला	वडा नं ७	सदस्य
७४	गोपाल कामी	वडा नं ७	सदस्य
७५	टिका आचार्य	वडा नं ७	सदस्य
७६	नमराज धमाला	वडा नं ७	सदस्य
७७	विष्णु थापा	वडा नं ७	सदस्य सचिव
७८	कमल बहादुर जि सी	वडा नं ८	संयोजक
७९	पदमादे विविश्वकर्मा	वडा नं ८	सदस्य
८०	एलिशा बुढामगर	वडा नं ८	सदस्य
८१	सिता सावद	वडा नं ८	सदस्य
८२	कृष्णबहादुर बटाला	वडा नं ८	सदस्य
८३	जगतराज जोशी	वडा नं ८	सदस्य
८४	जमुना कंडेल	वडा नं ८	सदस्य
८५	भिस्मन नेपाली	वडा नं ८	सदस्य
८६	रमेश वि क	वडा नं ८	सदस्य
८७	जुना वि क	वडा नं ८	सदस्य
८८	दुर्गाप्रसाद भट्टराई	वडा नं ८	सदस्य सचिव
८९	कविराम खनाल	वडा नं ९	संयोजक
९०	उज्जादेवि वि क	वडा नं ९	सदस्य
९१	रत्नाकंडेल ढुंगाना	वडा नं ९	सदस्य
९२	भीम बहादुर वि क	वडा नं ९	सदस्य
९३	कमलाकुमारी जैसी	वडा नं ९	सदस्य
९४	अमित नेपाली	वडा नं ९	सदस्य
९५	आरती वि क	वडा नं ९	सदस्य
९६	पदम रावत	वडा नं ९	सदस्य
९७	रमितप्रसाद खनाल	वडा नं ९	सदस्य
९८	कान्छाराम चौधरी	वडा नं ९	सदस्य
९९	शिव कुमार के सी	वडा नं ९	सदस्य सचिव

क्र स	नामथर	ठेगाना	पद
१००	नन्दाराम खनाल	वडा नं १०	संयोजक
१०१	जङ्ग कामी	वडा नं १०	सदस्य
१०२	मिना वि क	वडा नं १०	सदस्य
१०३	हरिनारायण चौधरी	वडा नं १०	सदस्य
१०४	कान्छाराम चौधरी	वडा नं १०	सदस्य
१०५	शारदा विष्ट	वडा नं १०	सदस्य
१०६	सरस्वती रिजाल	वडा नं १०	सदस्य
१०७	खगेन्द्र रिजाल	वडा नं १०	सदस्य
१०८	चेतना वि क	वडा नं १०	सदस्य
१०९	लक्ष्मीप्रसाद ढुंगाना	वडा नं १०	सदस्य
११०	मिनबहादुर भण्डारी	वडा नं १०	सदस्य सचिव

अनुसूची २ : बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि शिक्षकहरुले के गर्नुपर्छ ?

१. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन आवश्यक पहल गर्ने ।
२. विद्यालयमा भय तथा हिंसा रहित सिकाईका उपायहरु अवलम्वन गरी शिक्षण सिकाइ गर्ने ।
३. विद्यालयमा बालबालिकाका विरुद्ध कुनै पनि हिंसा तथा दुर्व्यवहारका घटना भएमा सो को उजूरी गर्ने र बालबालिकालाई समेत उजूरी सम्बन्धी संयन्त्रको वारेमा जानकारी दिने ।
४. शैक्षिक संस्थामा धुम्रपान, मध्यपान, सुर्तिजन्य पदार्थ तथा जङ्कफुड निषेध गर्दै यस्ता सामाग्रीहरु विद्यालय वरीपरी बिक्रिवितरण नहुने सुनिश्चितताका लागि आवश्यक पहल गर्ने ।
५. विद्यालयमा बाल सहभागीता प्रवर्धन, बालक्लब गठन लगायत विभिन्न सिर्जनात्मक क्रियाकलापहरुमा बालबालिकाको सहभागिताका लागि सहजिकरण गर्ने ।
६. बालबालिका विरुद्ध कुनै हिंसा वा दुर्व्यवहार भएमा सो को जानकारी तत्काल बाल हेल्पलाइन सेवा १०९८ वा नजिकको प्रहरी कार्यालयमा गराउने ।

अनुसूची ३ : बाल अधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि पालिकाले अवलम्वन गर्नुपर्ने कार्यहरु

१. बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी ऐन कानुन तथा कार्यविधिको निर्माण गरी लागू गर्ने ।
२. स्थानीय बाल अधिकार समितिको गठन गरि क्रियासिलता बढाउने ।
३. बालकल्याण अधिकारी नियूक्ति गर्ने ।
४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सेवा प्रवाहका लागि बाल कोषको स्थापना तथा परिचालन गर्ने ।
५. बालबालिकाको हकहित र अधिकारको संरक्षण तथा संम्वर्द्धनका लागि प्राप्त लगानीको व्यवस्था गर्ने ।
६. स्थानीय तहको बालबालिका सम्बन्धी योजना निर्माण प्रक्रियामा बाल सहभागिताको सुनिश्चितता गर्ने ।
७. बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने ।

८. हिंसा, दुर्व्यवहार, कसुरवाट पिडित तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको सुनिश्चितता गर्ने ।
९. सवै बालबालिकाको शिक्षा, स्वास्थ्य र पहिचान (जन्मदर्ता/नागरिकता) को अधिकार सनिश्चितता गर्ने ।
१०. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने ।
११. कुनैपनि बालबालिकालाई दलगत राजनितिमा संलग्न नगराउने र अरुलाई पनि गर्न नदिने ।
१२. स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउने ।

अनुसूची ४ : स्थानीय तहमा बाल कल्याण अधिकारीले गर्नुपर्ने कार्यहरु

१. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमको बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
२. बालबालिका सम्बन्धी ऐनको दफा ४९ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्था गर्ने ।
३. स्थानीय तहमा बालक्लव, बालक्लव संजाल, विद्यालय तथा शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरुमा बालअधिकार संरक्षण र संवर्द्धनका लागि आवश्यक सहजीकरण गर्ने ।
४. स्थानीय तहमा बालबालिका सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन र मुलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने ।
५. स्थानीय तहमा बालबालिका सम्बन्धी खण्डिकृत तथ्यांक संकलन, व्यवस्थापन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
६. स्थानीय तहभित्र भएका बैकल्पिक हेरचाहको व्यवस्था, पुनःस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकुल, गुम्वा, मदरसा, चर्च जस्ता आवासीय गृहमा रहेका बालबालिका र अवस्थाको बारेमा जानकारी संकलन र अभिलेखिकरण गर्ने ।
७. बाल संरक्षण कार्यमा स्थानीय तहमा सूचीकृत समाजसेवी र बालमनोविज्ञको परिचालन गर्ने ।
८. बालबालिका सम्बन्धी ऐनको दफा २९(१)(च) बमोजिम बालकल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर प्रक्रियामा पठाईएका बालबालिकाको सुपरिवेक्षण गर्ने ।

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ बमोजिम बैकल्पिक हेरचाहका लागि कानुन बमोजिम स्थानीय तहमा नियूक्त समाजसेवी वा बालमनोविज्ञले दिएको बालबालिकाको अवस्थाको अध्ययन प्रतिवेदनको आधारमा बालकल्याण अधिकारीले निम्नानुसार बैकल्पिक हेरचाहको व्यवस्था गर्नुपर्दछ ।

१. बालबालिकाको इच्छा बमोजिम बैकल्पिक स्याहारका लागि इच्छुक नातेदारमा संरक्षण गर्ने गरी हेरचाहको व्यवस्था मिलाउने ।
२. बुदा नं १ अनुसारको कुनै नातेदार नभएमा वा नातेदार भएतापनि त्यस्ता नातेदार उपयूक्त नभएमा वा सम्बन्धित बालबालिकाले त्यस्ता नातेदारको हेरचाहमा वस्न इच्छा नगरेमा दोश्रो प्राथमिकतामा स्थानीय तहमा स्वीकृत इच्छुक परिवार वा व्यक्तिमा हेरचाहको व्यवस्था मिलाउने ।
३. बुदा नं २ अनुसारको स्थानीय तहमा कुनै परिवार वा व्यक्ति इच्छुक नभएमा वा बालबालिकाले त्यस्तो परिवार वा व्यक्तिको हेरचाहमा वस्ने इच्छा गरेमा तेस्रो प्राथमिकतामा स्थानीय तहमा सुचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्थामा त्यस्तो बालबालिकाको हेरचाहको व्यवस्था गर्ने ।

४. बुदा नं १, २, र ३ बमोजिमको प्राथिमकतामा आधारमा बैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा मात्र अन्तिम विकल्पको रुपमा बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई सम्भव भए सम्म सवैभन्दा नजिकको बालगृहमा अस्थायी संरक्षण उपलव्ध गराउने ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिम देहायका बालबालिकालाई मात्र बैकल्पिक हेरचाहमा राख्न सकिन्छ।

–:००:–